प्रतिबद्धताअनुसार सहयोग हुन्छः विशेष प्रतिनिधि क्याथे | पृष्ठ ५ मा



जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २६ • अंक १७१ • २०८१ साल मंसिर ०२ गते आइतबार (17 November, Sunday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## डा.राउतको आमसभा आज

**टुडे समाचारदाता**

जनकपुरधाम । जनमत पार्टीका राष्ट्रिय अध्यक्ष डा.सी.के.राउतको प्रमुख आतिथ्यमा धनुषाधाम नगरपालिकामा सभा र पार्टी प्रवेशको कार्यक्रम आइतवार हुन लागेको छ ।

धनुषाधाम नगरपालिकाको वडा नम्बर १ मा उपचुनाव हुन लागेको छ ।मंसिर १६ गते हुन लागेको उपचुनावको मनोनयन पत्र दाखिला गर्ने कार्यक्रम रहेको छ ।

धनुषाधाम नगरपालिकाको वडाअध्यक्षका लागि जनमत पार्टीले पनि उम्मेदवारी दिन लागेको छ ।कांग्रेसबाट निर्वाचित विश्वनाथ यादवको मृत्यु भएपछि उपचुनाव हुन लागेको छ ।

जनमत पार्टीका अध्यक्ष डा.राउतले शनिवार सप्तरी जिल्लाको डाकनेश्वरी नगरपालिकामा सभा गरेका थिए ।मधेश प्रदेशको ४ जिल्लामा गरी ७ वटा वडामा अध्यक्ष पदका लागि उपनिर्वाचन भइरहेको छ ।

रौतहट जिल्लाको ३, सप्तरी जिल्लाको २, धनुषा र महोत्तरी जिल्लाको १/१ वटा वडामा निर्वाचन हुन लागेको छ ।

वडाको उपचुनावमा सफलता प्राप्त गर्न मधेश केन्द्रित दलका शीर्ष नेताहरु चुनावी मैदानमा उत्रेका छन् ।तर लोकतान्त्रिक समाजवादी पार्टी( लोसपा)का नेताहरु भने खासै सकृय देखिएको छैन् ।

### साहको नेतृत्वमा तिलकको भारसहित अयोध्या प्रस्थान

# विश्वहिन्दू परिषदको नेतृत्वमा मुख्यमन्त्री अयोध्या जाने, सन्तमहन्तद्वारा बेवास्ता

**टुडे समाचारदाता**

जनकपुरधाम ।विश्वहिन्दू परिषद् धनुषाले जनकपुरधामबाट तिलकको भार सहित अयोध्याका लागि शनिवार प्रस्थान गरेको छ ।

मिथिलामा बेहुली पक्षले बेहुलालाई तिलक चढाउने चलन छ ।तर जनकपुरधामको जानकी मन्दिरबाट अयोध्या तिलक पठाइने चलन रहेको छैन् ।जानकी मन्दिरले राममन्दिरमा तिलकोत्सव कार्यक्रमको आयोजना गर्दै आएको छ ।

पहिलो पटक विश्वहिन्दू परिषद्को अगुवाईमा भगवान रामलाई अयोध्यामा तिलक चढाउने कार्यक्रमको थालनी गरिएको छ । भारसहित अयोध्या तिलक लिएर गएको टोलीलाई मधेश प्रदेशका मुख्यमन्त्री सतीश कुमार सिंह र जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज कुमार साहले विदाइ गरे ।

तिलकको भारसहित प्रस्थान गरेको यात्रामा मेयर साह लगायत विभिन्न संघसंस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको छ ।तिलक लिएर गएको टोली शनिवार राती बारा जिल्लाको गढीमाईमा रात्रि विश्राम गरेको छ ।आइतवार तिलक लिएर गएको टोली साँझसम्म अयोध्या पुग्ने छ ।

सोमबार बिहान अयोध्यामा राममन्दिर ट्रष्टका सचिव समेत रहेका चम्पत्त रायलाई भारसँगै जानकी मन्दिरको आमन्त्रण पत्र हस्तान्तरण गरिने बताइएको छ ।जनकपुरधामबाट तिलकको नेतृत्व विश्वहिन्दू परिषद्का धनुषा जिल्ला अध्यक्ष सन्तोष साहले गरेका छन् ।

विश्वहिन्दू परिषद् अयोध्याका महासचिव राजेन्द्र सिंह पंकजको विशेष सकृयतामा जनकपुरधामबाट अयोध्यामा तिलक मगाइएको छ ।प्रारम्भमा जानकी मन्दिरबाट नै तिलक अयोध्या पठाउन महासचिव पंकजले दबाब बनाएका थिए ।



तर जानकी मन्दिरको चलनमा अयोध्या तिलक पठाउने कार्यक्रम नरहेको बताउँदै गौ संरक्षण मंचका अध्यक्ष जगदीश महासेठले विरोध गरेपछि मन्दिर पछाडि हटेको थियो ।

विश्वहिन्दू परिषद्को सकृयतामा थपिएको तिलक कार्यक्रमबारे स्थानीय र साधुसन्तहरु विभाजित छन् ।तिलकमा साधुसन्तहरुको सहभागिता रहेको छैन् ।जानकी मन्दिरको प्रतिनिधित्व नरहेको तिलकको सम्पूर्ण तयारी विश्वहिन्दू परिषद् धनुषाले नै गरेको छ ।

यद्यपि तिलकको भार जानकी मन्दिर परिसरबाट नै पठाइएको हो ।तिलक सहितको टोलीलाई विदाइ गर्नेमा जानकी मन्दिरका महन्त रामतपेश्वर दास वैष्णवको सहभागिता थियो ।

मङ्सिर २१ गते आयोजना हुने सीताराम विवाह महोत्सव जनकपुरधाममा सप्ताहव्यापी रुपमा विभिन्न कार्यक्रमहरुको आयोजनागरी मनाइन्छ ।भगवान रामको नगर दर्शन, फुलवारी लिला, धनुषयज्ञ, तिलकोत्सव, मटकोर , विवाहमहोत्सव र रामकलेवागरी विवाहमहोत्सवको सात दिने कार्यक्रम पूरा गरिन्छ ।विवाहमहोत्सवको सातैदिनको कार्यक्रम जानकी मन्दिरले नै आयोजना गर्छ ।

विवाहमहोत्सवमा अयोध्याबाट राममन्दिर ट्रष्टका सचिव चम्पत्त रायको नेतृत्वमा ५ सय बढी संख्यामा जन्ती आउन लागेको छ ।हप्ता दिन लगाएर जनकपुरधाम स्वयंरको दिन आइपुग्ने छ ।सीता स्वयंरमा अयोध्याबाट आउने जन्ती पनि सहभागि हुने बताइएको छ ।

सीताराम विवाहमहोत्सवमा जन्ती आउन तिलक सहितको टोलीले निम्तो दिने बताइएको छ ।त्यसका लागि जानकी मन्दिरबाट औपचारिक पत्र पनि टोलीको नेतृत्व गरिरहेको विश्वहिन्दू परिषद् धनुषाका अध्यक्ष साहले बताए ।

जानकी विवाह उत्सवमा सहभागी हुन प्रतीकात्मक रुपमा भगवान् श्रीरामका साथै चारै दाजुभाइ र तीन महारानीका लागि लत्ताकपडा गरगहनासँगै मखान, दहीच्यूरा, फलफूल पकवान मिष्ठान्न सौगातस्वरुप विश्वहिन्दू परिषद् अयोध्याका महासचिव राजेन्द्र सिंहको अगुवाईमा चम्पत्त रायलाई हस्तान्तरण गर्ने कार्यक्रम छ ।

भार सहितको टोलीलाई कारपुरममा रायले भैंटने छन् । त्यहाँ विश्वहिन्दू परिषदको कार्यालय रहेको छ ।त्यहाँबाट जनकपुरधामको टोली फिर्ता आउनेछ ।

## मुख्यमन्त्री आमन्त्रण बिना नै धार्मिक कार्यक्रममा

**टुडे समाचारदाता**

जनकपुरधाम ।पदीय मर्यादाको खिल्ली उडाउँदै मधेश प्रदेशका मुख्यमन्त्री सतीश कुमार सिंह विश्वहिन्दू परिषद् धनुषाको तिलकोत्सव भारसँगै भारतको अयोध्या जान लागेका छन् ।

विश्वहिन्दू परिषद अयोध्याको विशेष सकृयतामा विश्वहिन्दू परिषद धनुषाले तिलकका लागि भार लिएर जानेसँगै मुख्यमन्त्री सिंहपनि जान थालेका छन् ।भारको नेतृत्व विश्वहिन्दू परिषद् धनुषाका अध्यक्ष सन्तोष साहले गरिरहेका छन् ।

साहको नेतृत्वमा मुख्यमन्त्री सिंह आइतवार विहान वीरगञ्जबाट भारसँगै गएको टोलीमा सहभागी हुने छन् ।टोलीको नेतृत्व गरिरहेको साहलाई विश्वहिन्दू परिषद् अयोध्याका महासचिव सिंहले स्वागत गर्ने कार्यक्रम रहेको छ ।तर मुख्यमन्त्री सिंहलाई स्वागत गर्ने उत्तर प्रदेश सरकारको कुनै प्रतिनिधि अथवा कर्मचारी रहने छैनन् ।


मुख्यमन्त्री सिंहले उत्तरप्रदेश सरकारबाट निम्तो पाउन गरेको अथक प्रयास असफल भएपनि उनी जान लागेका छन् ।राममन्दिर अथवा उत्तरप्रदेश सरकारको आमन्त्रण बिना नै जान लागेका मुख्यमन्त्री सिंहले आफूलाई श्रीरामजानकी विवाह बरात यात्रा आयोजन समिति धर्मयात्रा महासंघ कारपुरम जानकीधाम र विश्वहिन्दू परिषद् अयोध्याबाट आमन्त्रण आएको बताएका छन् ।

विश्वहिन्दू परिषद् हिन्दू धर्मसित सम्बद्ध संस्था र विवाह बारात यात्रा सीताराम विवाहमहोत्सवसित सम्बद्ध संस्था हुन् ।मुख्यमन्त्री सिंहले आफ्नो पदको गरिमालाई वेवास्तागर्दै मधेश प्रदेश र नेपालकै इज्जतलाई ध्यान नदिएको गौ संरक्षण मंचका राष्ट्रिय अध्यक्ष जगदीश महासेठले आरोप लगाएका छन् ।

शनिवार भारलाई विदाइ गरेका मुख्यमन्त्री सिंहले वीरगञ्जबाट आइतवार सहभागी हुने बताएका छन् ।

'गलत चलन चलाउन मुख्यमन्त्री लगायतका केही व्यक्तिहरु उद्यत देखिएका छन् 'महासेठले भने ।



# मैथिली कथा गोष्ठी सम्पन्न



**टुडे समाचारदाता**

जनकपुरधाम । मैथिली विकास कोषको आयोजनामा एक दिवसीय कथा गोष्ठी सम्पन्न भएको छ । विद्यार्थी केन्द्रित सो गोष्ठीमा अमलेश कापर प्रथम, प्रेरणा तिवारी द्वितीय र अजय कामती तृतीय भएका छन् ।

प्रत्येक महिनाको पहिलो शनिवार हुने सो गोष्ठीका विजेतालाई कोषका अध्यक्ष जीवनाथ चौधरी, कोषका सदस्य रामचन्द्र दासले पुरस्कार वितरण गरेका छन् । सो कथा गोष्ठीमा आकृति महासेठ, प्रेरणा तिवारी, अभिशेष कापर, कुशल झा, अजित तिवारी, आनन्द साह, हर्षनारायण, अभिराज साह, राजु मिश्रा, सुजीत कुमार झाले कथा वाचन गरेका थिए ।

हर्षनारायणको अध्यक्षतामा भएको सो समारोहमा कोषका सदस्य रामचन्द्र दास, कार्यक्रम संयोजक सुजीत कुमार झा, शिवराम झा 'गुड्डु' ले कथा लेखनको सम्बन्धमा आफना धारणा राखेका थिए ।

# सर्प उद्धारकर्ताका लागि प्रशिक्षण

**टुडे समाचारदाता**

जनकपुरधाम । सर्पको संरक्षण र उद्धारका लागि धनुषामा सर्प उद्धारकर्ता प्रशिक्षण तालिम हुने भएको छ ।

मिथिला वाइल्ड लाइफ ट्रस्टको आयोजनामा सर्पदंशबाट हुने मृत्यु न्यूनीकरण गर्न चलाइएको अभियान अन्तर्गत सर्प उद्धारकर्ताका लागि स्वयसेवकहरु खोजी गरिएको छ । पाइलट प्रोजेक्टको रूपमा धनुषामा दिइने सर्प उद्धारकर्ता प्रशिक्षण क्रमशः मधेश प्रदेशका अन्य जिल्ला हुँदै देशभर चलाइने जनाइएको छ ।

मिथिला वाइल्ड लाइफ ट्रस्टका फाउन्डर देवनारायण मण्डलले सर्पबारे जानकारी नहुँदा सर्वसाधारणले सर्पलाई मार्ने गरेका छन् । सर्पसँग मानवको अनाहक सम्पर्क हुँदा वर्षेनि सर्पदंशबाट सयौँले ज्यान गुमाउनुपरेको उनको भनाइ छ । उनले सर्पकै कारण मानवको मात्र मृत्यु नभई मानवबाट समेत सर्पहरू मारिने क्रम बढ्दो क्रममा रहेको बताए । पर्यावरणलाई सन्तुलित राख्न मानवजत्तिकै योगदान सर्पको समेत रहेकोमा सर्प र मानवलाई एक-अर्काबाट जोगाउने उद्देश्यले पहिलो चरणमा धनुषामा सर्प उद्धारकर्ता तयार गर्ने आफूहरूले कार्य थालेको मण्डलले बताए ।

पहिलो चरणमा धनुषाका प्रत्येक पालिकाबाट दुईजना उद्धारकर्ता चयन गर्ने र उनीहरूलाई प्रशिक्षित गर्ने लक्ष्य रहेको उनले बताए । प्रशिक्षणपछि उनीहरू सर्पको पहिचान गर्न, सर्पलाई सुरक्षित साथ समात्न र सुरक्षित स्थानमा उद्धार गर्न सक्ने गरी तयार हुने मण्डलले बताए ।

सर्पको जानकारीसँगै सर्पले टोकेका बिरामीको ठेगाना, उपलब्ध भए सर्पको फोटो तथा प्राथमिक उपचारसमेतको जानकारीसँगै सर्पदंश उपचार केन्द्रको जानकारी लगायतको विविध सुविधा भएको एप्ससमेत निर्माणको चरणमा रहेको उनले बताए ।

मण्डलले स्थानीय तहका नगरप्रहरी, सबभिडिजन वन कार्यालयका वनरक्षक लगायतलाई समेत उद्धारकर्ताको प्रशिक्षण दिने आफूहरूको तयारी रहेको बताए । उनले आगामी डिसेम्बरमा ठुलो संख्यामा उद्धारकर्ता तयार गर्ने तयारी रहेको बताए । उनले उद्धारकर्ताहरूलाई प्रशिक्षणदेखिआवश्यकउपकरणहरूसमेतको व्यवस्थापन गरिएको बताए । प्रशिक्षित हुनेलाई बेलायतस्थित संस्था पिपल ट्रीले उपकरणहरू उपलब्ध गराउने योजना रहेको छ ।

# स्थानीय तह उपनिर्वाचन : आइतबार बिहान १० देखि अपराह्न ५ बजेसम्म मनोनयन




काठमाण्डु । यही मङ्सिर १६ गते हुने स्थानीय तह उपनिर्वाचनका लागि आइतबार मनोनयन पत्र दर्ता हुँदैछ । बिहान १० देखि अपराह्न ५ बजेसम्म सम्बन्धित स्थानीय तहमा स्थापना भएका निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारको मनोयन दर्ता हुने निर्वाचन आयोगका सहसचिव एवं प्रवक्ता नीता पोखरेल अर्यालले रासससलाई जानकारी दिनुभयो ।

सोही दिन साँझ ५ देखि ६ बजेसम्म उम्मेदवारको सूची प्रकाशन हुनेछ । उम्मेदवारको मनोनय दर्ताको सम्पूर्ण तयारी पूरा भएको आयोगले जनाएको छ । उपनिर्वाचनका लागि शुक्रबार ३८ वटा निर्वाचन अधिकृतका कार्यलय स्थापन भएका छन् । उपनिर्वाचन हुने स्थानीय तहमा ३२ वटा मुख्य निर्वाचन अधिकृतको कार्यालय र छ वटा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको निर्वाचन आयोगले जनाएको छ ।

उपनिर्वाचन हुने सम्बन्धित स्थानीय तह तथा वडाको केन्द्र रहेको स्थानमा निर्वाचन अधिकृतका कार्यालय स्थापना गरिएको आयोगका प्रवक्ता अर्यालले जानकारी दिनुभयो । मङ्सिर ३ गते बिहान १० देखि अपराह्न ३ बजेसम्म उम्मेदवारको विरोधमा उजुरी दिने, सोही दिन अपराह्न ३ बजेपछि मनोनयपत्र र उजुरीमाथि जाँचबुझ एवं निर्णय गरी मङ्सिर ४ गते साँझ ५ देखि ६ बजेसम्म उम्मेदवारको नामावली प्रकाशन हुनेछ ।

मङ्सिर ५ गते बिहान ९ देखि अपराह्न १ बजेसम्म उम्मेदवारले नाम फिर्ता लिन सक्ने छन् । सोही दिन दिउँसो १ देखि ३ बजेसम्म अन्तिम नामावली प्रकाशन गरी दिउँसो ३ देखि ५ बजेसम्म उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरिने छ । मङ्सिर १६ गते बिहान ७ देखि अपराह्न ५ बजेसम्म मतदान हुनेछ ।

विभिन्न कारणले स्थानीय तहमा रिक्त जिल्ला समन्वय समितिका प्रमुख दुई, गाउँपालिका अध्यक्ष दुई, उपाध्यक्ष चार, नगरपालिका प्रमुख र उपप्रमुख एक/एक र वडाध्यक्ष ३४ गरी जम्मा ४४ रिक्त पदमा निर्वाचन हुँदैछ ।

निर्वाचन आयोगका अनुसार ओखलढुङ्गा र कैलालीका जिल्ला समन्वय समिति प्रमुख, काठमाडौँको कीर्तिपुर नगरपालिकाका प्रमुख, जाजरकोटको नलगाड नगरपालिकाका उपप्रमुख, मोरङ्को ग्रामथान गाउँपालिका र दैलेखको महाबु गाउँपालिका अध्यक्ष तथा दोलखाको गौरीशङ्कर गाउँपालिका, रुकुम पूर्वको पुथा उत्तरगङ्गा गाउँपालिका, हुम्लाको सर्केगाड गाउँपालिका र बाजुराको स्वामीकार्तिक खापर गाउँपालिकाका उपाध्यक्ष पदका लागि निर्वाचन हुनेछ ।

ताप्लेजुङको सिरिजङ्गा गाउँपालिका-३, झापाको कन्काइ नगरपालिका वडा नं ६, तेह्रथुमको लालीगुराँस नगरपालिका वडा नं ८, सुनसरीको गढी गाउँपलिका वडा नं ६, ओखलढुङ्गाको मोलुङ गाउँपालिका वडा नं ५, उदयपुरको त्रियुगा नगरपालिका वडा नं १२ र बेलका नगरपालिका वडा नं ९, सप्तरीको डाक्नेश्वरी नगरपालिका वडा नं १ र ४, धनुषाको धनुषाधाम नगरपालिका वडा नं १, महोत्तरीको रामगोपालपुर नगरपालिका वडा नं २, रौतहटको ईशनाथ नगरपालिका वडा नं ७, राजपुर नगरपालिका वडा नं ६ र गढीमाई नगरपालिका वडा नं ८ को वडाध्यक्ष पदका लागि निर्वाचन हुनेछ ।

काठमाडौँको कीर्तिपुर नगरपालिका वडा नं १ र ४, काठमाडौँ महानगरपालिका वडा नं १६, नुवाकोटको ककनी गाउँपालिका वडा नं २, मकवानपुरको हेटौँडा नगरपालिका वडा नं १२, गोरखाको गोरखा नगरपालिका वडा नं ५, गुल्मीको मुसिकोट नगरपालिका वडा नं १, रोल्पाको रुन्टीगढी गाउँपालिका वडा नं ४, बर्दियाको ठाकुरबाबा नगरपालिका वडा नं ४, रुकुम (पूर्वी) पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं २ र कपिलवस्तु शुद्धोधन गाउँपालिका वडा नं १ का वडाध्यक्ष पदमा निर्वाचन हुने आयोगका सूचना अधिकृत सुमन घिमिरेले रासससलाई जानकारी दिनुभयो ।

दैलेखको दुल्लु नगरपालिका वडा नं १३, कालिकोटको तिलागुफा नगरपालिका वडा नं ४, जाजरकोट कुशे गाउँपालिका वडा नं ७, डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका वडा नं ५, रुकुम (पश्चिम) सानीभेरी गाउँपालिका वडा नं ५, बझाङको सुर्मा गाउँपालिका वडा नं ४, डोटीको पूर्वीचौकी गाउँपालिका वडा नं ६, दार्चुलाको दुहुँ गाउँपालिका वडा नं ५ र कञ्चनपुरको भीमदत्त नगरपालिका वडा नं ६ का वडाध्यक्ष पदका लागि निर्वाचन हुनेछ ।

स्थानीय तह निर्वाचन ऐन, २०७३ मा जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख, गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, नगरपालिका प्रमुख, उपपप्रमुख र वडाध्यक्षको पदावधि समाप्त नहुँदै निजको पद कुनै कारणले रिक्त भएमा र एक वर्षभन्दा बढी पदावधि बाँकी रहेको अवस्थामा बाँकी अवधिका लागि उपनिर्वाचनद्वारा पदपूर्ति हुने व्यवस्था छ ।

### पुरुषले कार्यभार सम्हालेका स्थानीय तहमा महिला उम्मेदवार

आयोगले २०७९ सम्पन्न स्थानीय तह निर्वाचनमा गाउँपालिकाको अध्यक्ष वा उपाध्यक्ष, नगरपालिकाको प्रमुख वा उपप्रमुख तथा जिल्ला समन्वय समितिको प्रमुख वा उपप्रमुख पदमा पुरुष उम्मेदवार निर्वाचित भई कार्यभार सम्हाली रहेका स्थानीय तहको रिक्त पदमा महिला उम्मेदवार रहने गरी मनोनयन पत्र पेस गर्न राजनीतिक दललाई निर्देशन दिएको छ ।

आयोगको निर्देशनअनुसार जिल्ला समन्वय समिति कैलाली, जाजरकोटको नलगाढ नगरपालिका उपप्रमुख, दोलखाको गौरीशङ्कर, हुम्लाको सर्केगाड, बाजुराको स्वामीकार्तिक खापर र रुकुम पूर्वका पुथाउत्तरगङ्गा गाउँपालिकाको उपाध्यक्ष पदमा महिलाको मात्र उम्मेदवारी दर्ता हुनेछ ।

आसन्न स्थानीय तह उपनिर्वाचनमा मनोनयन हुने उम्मेदवारको योग्यता र अयोग्यतासम्बन्धी प्रावधानको पालना गर्न राजनीतिक दल र निर्वाचन अधिकृतको कार्यालयलाई आयोगले निर्देशन दिइसकेको छ । आयोगले २१ वर्ष उमेर पूरा भएको, उपनिर्वाचन हुने गाउँपालिका वा नगरपालिकाको सम्बन्धित वडाको मतदाता नामावलीमा नाम समावेश भएको तथा कुनै कानूनले अयोग्य नभएको उम्मेदवारको मात्र मनोयन दर्ता गर्न निर्देशन दिएको हो ।

आयोगले स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा १२ बमोजिम अयोग्य भएको व्यक्ति, गैरनेपाली नागरिक वा नेपालको नागरिक नभएको व्यक्ति र नेपाल सरकार, प्रदेश सरकार तथा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारबाट अनुदान प्राप्त संस्थामा पारिश्रमिक पाउने गरी बहाल रहेको व्यक्तिलाई स्थानीय तह उपनिर्वाचनमा उम्मेदवार मनोनयन नगर्न निर्वाचन अधिकृतको कार्यालयलाई निर्देशन दिएको छ ।

यसैगरी कुनै स्थानीय तह वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको वा स्थानीय तहबाट अनुदान प्राप्त संस्थामा पारिश्रमिक पाउने गरी बहाल रहेको व्यक्ति, निर्वाचनसम्बन्धी प्रचलित कानुनबमोजिम सजाय पाई त्यस्तो सजाय भोगिसकेको मितिले दुई वर्ष भुक्तान नगरेको व्यक्ति उम्मेदवार बन्न नपाउने आयोगले जनाएको छ ।

भ्रष्टाचार, जबरर्जस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागुऔषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरणसम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाई वा कुनै कसूरमा जन्मकैद वा बीस वर्ष वा सो भन्दा बढी कैदको सजाय पाई त्यस्तो फैसला अन्तिम भएको व्यक्तिको मनोनयत दर्ता हुने छैन ।

सङ्गठित अपराधसम्बन्धी कसुरमा कैदको सजाय पाई वा कर्तव्य ज्यानसम्बन्धी कसूरमा बीस वर्षभन्दा कम कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले छ वर्ष पूरा नभएको व्यक्ति, जातीय भेदभाव तथा छुवाछूत, बोक्सी वा बहुविवाहसम्बन्धी कसूरमा कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले तीन वर्ष पूरा नभएको व्यक्ति पनि उम्मेदवार बन्न नपाउने व्यवस्था छ ।

कानुनबमोजिम कालोसूचीमा रहेको व्यक्ति कालोसूचीमा रहेको अवधिभर, कुनै कसूरमा कैदमा बसेको व्यक्ति कैद बसेको अवधिभर, मानसिक सन्तुलन ठीक नभएको र प्रचलित कानूनले अयोग्य भएको व्यक्तिको मनोयन दर्ता नहुने आयोगले स्पष्ट पारेको छ । जिल्ला समन्वय समितिको उपनिर्वाचनको हकमा प्रचलित कानून बमोजिम निलम्बनमा रहेका पदाधिकारी उक्त अवधिभर उम्मेदवार हुन नपाउने व्यवस्था गरिएको आयोगले जनाएको छ ।

### कुन उम्मेदवारले कति खर्च गर्न पाउँछन् ?

निर्वाचन आयोगले उम्मेदवारको मनोयनपत्र दर्ता भएको मितिदेखि निर्वाचन परिणाम घोषणा भएको अवधिसम्म उम्मेदवारले गर्न पाउने खर्चको हद तोकेको छ । नगरपालिकाका प्रमुख तथा उपप्रमुख पदका उम्मेदवारले रु चार लाख ५० हजार, गाउँपालिका अध्यक्ष तथा उपाध्यक्ष पदका उम्मेदवारले रु तीन लाख ५० हजार, जिल्ला समन्वय समितिका प्रमुख तथा उपप्रमुखका उम्मेदवारले रु ५० हजारसम्म खर्च गर्न सक्नेछ ।

महानगरपालिकाका वडाध्यक्ष पदका उम्मेदवारले रु तीन लाख, नगरपालिका वडाध्यक्ष पदका उम्मेदवारले रु दुई लाख र गाउँपालिकाका वडाध्यक्षले रु एक लाख ५० हजार खर्च गर्न सक्नेछ । उपनिर्वाचनका लागि आयोगमा २५ राजनीतिक दल दर्ता भएका छन् ।रासस

# गौरमा पर्यटन कार्यालयको उद्घाटन

**टुडे समाचारदाता**

गौर । मधेश प्रदेश सरकारका उद्योग वाणिज्य तथा पर्यटन मन्त्री सकिल अलि मियाले गौरमा पर्यटन विकास कार्यालयको उद्घाटन गरेका छन् ।

सो अवसरमा उनले प्रदेश सरकारले मधेशका पर्यटन क्षेत्रको विकासका लागि कुनै कसर बाँकी नराख्ने धारणा व्यक्त गरे । मधेश प्रदेशको दुई जिल्लालाई जोडेर पर्यटन सर्किट बनाउन लागेको जानकारी दिए । उद्घाटन भएको कार्यालयबाट रौतहट र सर्लाही जिल्लाको पर्यटन क्षेत्रको विकास तथा प्रचार प्रसार हुने मन्त्री अलिले विश्वास व्यक्त गरेका थिए । पर्यटन विकास कार्यालय गौर रौतहटका पर्यटन विकास अधिकृत संजय कुमार मिश्रको अध्यक्षतामा भएको उद्घाटन समारोहमा वन तथा वातावरण मन्त्री त्रिभुवन साह,प्रदेशसभा सदस्य इन्दु साह,जिल्ला समन्वय समिति रौतहटका प्रमुख रामअयोध्या राय यादव,गौर नगर प्रमुख शम्भु साह,उद्योग वाणिज्य तथा पर्यटन मन्त्रालयका सचिव सुशिल साह लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।




# नेपाल सदभावना पार्टीको सातौ राष्ट्रिय महाधिवेशन

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल सदभावना पार्टीको सातौ राष्ट्रिय महाधिवेशन शनिबारदेखि जनकपुरधाममा सुरु भएको छ ।

पार्टीका कार्यकारिणी समितिका कार्यबाहक अध्यक्ष फुलप्रास देवीको अध्यक्षतामा भएको उदघाट्न समारोहमा वक्ताहरूले मधेशीको अधिकारका लागि ठूला दलहरु अहिलेपनि इमान्दार नदेखिएको आरोप लगाए ।

मधेश केन्द्रित दल बीच तालमेल र सहकार्य नहुँदा ठूला भनाउदा दलहरूले फाइदा उठाएको प्रसंग उल्लेख गरे ।

समारोहमा तराई मधेश लोकतान्त्रिक पार्टीका अध्यक्ष बृषेश चन्द्र लाल, संघीय समाजबादी पार्टी नेपालका अध्यक्ष रिजबान अन्सारी, नेकपा एसका नेता शीतल झा, इतिहासिक जनता पार्टीका अध्यक्ष बद्री नारायण ठाकुर,स्वाधिन मधेश जन अभियानका अध्यक्ष कैलाश महतो, नेपाल सदभावना पार्टीका निबर्तमान अध्यक्ष कविता कुमारी लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए । मंसिर ३ गतेसम्म चल्ने महाधिवेशनमा विभिन्न जिल्लाका दुई सय प्रतिनिधिहरु सहभागी छन् ।




**तपाईंको आज**
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : धन वृद्धि सञ्चय । |
| बृष | : प्रेम प्रसंग, मित्र सुख । |
| मिथून | : सुख समृद्धि हुने । |
| कर्कट | : भ्रमण अवसर हुने । |
| सिंह | : अवसर प्राप्त । |
| कन्या | : वाद विवादबाट बच्नु । |
| तुला | : नयाँ कार्य हुने । |
| वृश्चिक | : पुरस्कार प्राप्त लाभ । |
| धनु | : बौद्धिक क्षमता । |
| मकर | : प्रतिभा सम्पन्नता । |
| कुम्भ | : शिक्षामा उन्नति । |
| मीन | : पारिवाहिक सुख । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

**महत्वपूर्ण टेलिफोन नम्बरहरू**
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

**रत्न सागर मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

**जानकी मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

**राम मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



सिरहाको मिर्चैया नगरपालिका-९ मा अवस्थित ऐतिहासिक तथा धार्मिक महत्व बोकेको कमलदह। झण्डै १२ वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको यस दहको उचित संरक्षण हुनसकेको छैन *। तस्बिर : रासस*

# धनुषाधाममा मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना

**टुडे समाचारदाता**

जनकपुरधाम । यही मंसिर १६ गते हुने स्थानीय तहको उपनिर्वाचन सम्पन्न गराउनका लागि धनुषाधाममा मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको छ ।

धनुषाको धनुषाधाम वडा नम्बर १ मा मुख्यनिर्वाचन अधिकृतको कार्यालयको स्थापना गरिएको छ। सो वडाका अध्यक्ष विश्वनाथ यादवको निधनपछि सो पदमा उपनिर्वाचन हुन लागेको छ। गत निर्वाचनमा नेपाली कांग्रेसबाट यादव ६१८ प्राप्त गरी निर्वाचित भएका थिए।

धनुषा जिल्ला अदालतका न्यायाधीश एवं मुख्य निर्वाचन



अधिकृत चुडामणि खड्काको प्रमुख अध्यक्षतामा भएको कार्यक्रममा धनुषाधाम नगरपालिकाका मेयर बालेश्वर मण्डल, जिल्ला प्रशासन कार्यालय धनुषाका प्रमुख जिल्ला अधिकारी रामु राज कडरीया, जिल्ला प्रहरी कार्यालय धुनषाका प्रहरी उपरीक्षक भुवनेश्वर तिवारी, सशस्त्र प्रहरी बल धनुषाका सशस्त्र प्रहरी उपरीक्षक दर्शन गिरीलगायतकाहरुको उपस्थितिमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको जनाइएको छ।

# खुला सीमाले पर्साका युवा लागुऔषधको कुलतमा फसे

वीरगञ्ज । खुला सीमा नाकाका कारणले पर्साका युवाहरू लागुऔषधको कुलतमा फस्ने गरेका छन् । जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार लागुऔषध मुद्दामा अधिकांश युवा पर्ने गरेका छन् । खुला सीमानाकाको कारणले भारतबाट सहजै ढङ्गले लागुऔषध भित्रिँदा पनि यसको मारका यहाँका युवा परेका हुन् ।

ग्रिनसिटी सामुदायिक प्रहरी सेवा केन्द्रका अध्यक्ष जयप्रकाश खेतानले खुला सीमानाकाबाट अवैध रूपमा लागुऔषध भित्रिँदा युवाहरू कुलतमा फसेको बताउनुभयो । "खुला सीमानाकाको कारणले स्कुले उमेरदेखि नै यहाँका युवा कुलतमा फस्ने गरेका छन्," उहाँले भन्नुभयो, "अहिले युवाहरूलाई लागुऔषधको कुलतबाट जोगाउनुपर्ने बेला भइसकेको छ ।"

जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक सुवास भट्टले पनि युवाहरू लागुऔषधको कुलतमा फस्ने गरेको बताउनुभयो। "खुला सीमानाकाको कारणले पनि यहाँका युवापुस्ता लागुऔषधको कुलतमा फस्ने गरेका छन्," उहाँले भन्नुभयो, "पर्सा प्रहरीले सामुदाय प्रहरी साझेदारी कार्यक्रममार्फत विद्यार्थी तथा युवामा सचेतनामूलक कार्यक्रम गर्दै आइरहेको छ।"

प्रहरी नायब उपरीक्षक भट्टले



पर्साका परेका मुद्दामध्ये अधिकांश लागुऔषधसँग सम्बन्धित रहेको जानकारी दिनुभयो ।

"१५ देखि ४५ वर्ष उमेर समूहका युवाहरू लागुऔषधको कुलतमा पर्ने गरेको देखिएको छ," उहाँले भन्नुभयो, "मुलुकका लागि आवश्यक पर्ने युवाशक्ति नै कुलतमा पर्दा मुलुकलाई र परिवारलाई पनि ठूलो क्षति भइरहेको छ ।"

जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार आव २०७८/७९ मा लागुऔषधसम्बन्धी दुई सय २७ मुद्दा परेको थियो । जसमा दुई सय ८२ पुरुष र नौ महिला पक्राउ गरेका थिए । त्यस्तै, आव २०७९/८० मा लागुऔषध सम्बन्धित तीन सय दुईवटा मुद्दा परेको थियो । जसमा तीन सय ८९ पुरुष र १३ महिला पक्राउ परेका थिए । त्यस्तै, आव २०८०/८१ मा दुई सय चारवटा मुद्दा परेको थियो । जसमा पुरुष दुई सय ४२ र महिला १० जना पक्राउ परेका थिए ।

पर्सामा विशेषगरी गाँजा, चरेस, हेरोइन, अफिम, फेनारगन, डाईजिल्याब, नुर्फिन, नाट्राभेट ट्याब्लेट, कोरेक्सलगायत प्रयोग गर्ने गर्छन् । वडा प्रहरी कार्यालय बिर्ताका प्रहरी निरीक्षक निरोज चौलागाईंले पर्सा प्रहरीले लागुऔषधको दुर्व्यसनीको विरुद्धमा नियमित रुपमा सचेतनामूलक कार्यक्रम गर्दै आइरहेको बताउनुभयो ।

"पर्सा प्रहरीले नागरिक समाजसँग हातेमालो गरेर लागुऔषध सम्बन्धित जनचेतनामूलक कार्यक्रम गर्दै आइरहेको छ," उहाँले भन्नुभयो, "खुला सीमानाकाको कारणले पनि लागुऔषधको दुर्व्यसनीलाई नियन्त्रण गर्न मुस्किल भइरहेको छ ।"रासस

# बाली लगाउने बेला सधैँ बीउकै चिन्ता

महोत्तरी । जब नयाँ बाली लगाउने बेला भयो, महोत्तरीका किसानलाई बीउको चिन्ता हुन्छ। मौसम र बेलाअनुसार अहिले गहुँ छर्ने तयारी गर्ने बेलामा बीउ के गर्ने भन्ने चिन्ताले यहाँका किसान पिरोलिँदैछन् ।

"बेलामा बीउ पाइने ढुक्कका दिन जिन्दगीमा कहिल्यै आएनन्", बर्दिबास-९ पशुपतिनगर बनरझुल्लाका किसान महेन्द्र महतो विरक्तिँदै भन्नहुन्छ, "सधैँ बाली लगाउने बेला भयो कि यसैको चिन्ता !" अब सामान्यत बेलैमा गहुँ छर्न पाइँदा मङ्सिर २२ भित्र सक्नुपर्ने हुँदा अहिलेदेखि नै बीउको चिन्ता परेको उहाँ बताउनुहुन्छ ।कुनै बालीका लागि नठगिने बीउ पाउने ठाउँ आफूहरुले नपाएको किसानको गुनासो छ । "धान होस् कि मकै वा गहुँ, आलु होस् कि अरू कुनै तरकारीका बीउ, यो चाहिँ भरपर्दो हो भनेर चित्त बुझाएर लिन पाइँदैन", महेन्द्रकै छिमेकी अर्का किसान भोला महतो भन्नुहुन्छ, "सब भगवान् भरोसे !"

जिल्लाका स्थानीय तहहरुमा कृषि शाखा रहने व्यवस्था भए पनि बाली लगाउने तुक (ठीक बेला) मा नियमित रुपमा बीउ पाइने अवस्था नभएको किसान बताउँछन् । "कुनै कुनै साल त अनुदानको बीउ आ'को छ भन्ने सुनिन्छ, दौडादौड गर्ने कतिले थोरतिन पाउँछन्, फेरि दुई/चार वर्ष ती निदाउँछन्", स्थानीय तहका कृषि शाखाबारे टिप्पणी गर्दै गौशाला-११ का किसान अरुण कुशवाहा भन्नुहुन्छ, "यो अनुदानको हल्ला पिटिनुभन्दा भरपर्दो बीउ उचित मूल्य तिरेर आवश्यक मात्रामा पाउने सुनिश्चितता भए ढुक्क त हुइथ्यो ।" किसानलाई अनुदानको



बीउ कहिले आउँछ भन्नेभन्दा राम्रो बीउ उचित मूल्यमा खोज्दा पाइने भए राहत हुने कुशवाहा बताउनुहुन्छ ।

आफ्ना ठाउँ र बजारमा बीउ नपाउँदा महोत्तरीका अधिकांश किसान भारतीय बजारमा निर्भर छन् । उताबाट (भारतीय बजार) ल्याइएको बीउमा कैयौँ पटक ठगिएको किसानको अनुभव छ । तर आफूकहाँ कुनै भर नहुँदा जेजस्तो पाइए पनि भारतीय बजार नै जानपर्ने बाध्यता रहेको बलवा-१० रौजाबजारका मंसुल कवारी बताउनुहुन्छ। "मकै र तरकारीका बीउ त भारतीय बजारकै भर हो", कवारी भन्नुहुन्छ, "आलु र उखु चाहिँ अझै यता पाइँदैछ, धान र गहुँका लागि पनि बाक्लै भारत गएका छौँ ।" कैयौँ पटक भारतीय बजारबाट ल्याइएको बीउमा पनि ठगिएको उहाँ सम्झनुहुन्छ। "धेरैजसो मकैको बीउमा यस्तो भएको छ, कति नउम्रने, कति घोगा नलाग्ने, तर यो व्यथा कसले सुनीदिने ?" निराशा पोख्दै उहाँ भन्नुहुन्छ।

यहाँका किसानलाई एक दशक पहिलेसम्म जिल्ला कृषि विकास कार्यालय र जिल्लाका ठाउँठाउँमा रहेका कृषि सेवा केन्द्र र उपकेन्द्रको सेवा बरु सम्झना हुन्छ । "कहिलेकाहीँ नमूना भनेर बीउ पनि दिन्थे, बाली हेर्न आइदिनोस् भन्दा जेटी/जेटिए आइदिन्थे, सल्लाह पाइन्थ्यो", रामगोपालपुर-२ का किसान कादिर हुसैन पुराना दिन सम्झँदै भन्नुहुन्छ, "खै गाउँमा सिंहदरवार आयो भन्छन्, हामी किसानका सहुलियतका दिन चाहिँ आएनन् ।"

जिल्लाका १५ स्थानीय तहमध्ये एकाधमा मात्र कृषि शाखा व्यवस्थित छन् । धेरैजसो स्थानीय तहमा कृषिसम्बद्ध कर्मचारी छन् छैनन् ? सर्वसाधारण किसानले थाहा नै पाउँदैनन्। कृषि शाखा सञ्चालनको मुख्य जिम्मेवारी भए पनि स्थानीय तहका नेतृत्वकर्ताको प्राथमिकतामा कृषि नपर्दा आम किसानले परिवर्तनको अनुभूति सँगाल्न नसकेका कृषिक्षेत्रको सरकारी सेवामा सहसचिव पदबाट अवकाश लिनुभएका भङ्गाहा-५ सीतापुरका बासिन्दा कृषिविज्ञ रामबहादुर भुजेल बताउनुहुन्छ।

किसानले राहत पाउन वा कुनै सल्लाह लिन पनि कृषि प्राविधिक नभेटाउने गरेका आम गुनासो छ । जिल्लाको मुख्य पेसा र निर्भरता खेतीमै भए पनि जिम्मेवार तह र व्यक्तिको प्राथमिकतामा यो नपर्दा कृषिक्षेत्र दिनदिनै उपेक्षित हुँदै गएको जिल्लाकै हतिसर्वा सग्रामपुरका बासिन्दा सरकारी सेवाबाट निवृत्त अर्का कृषिविज्ञ जासर यादवको प्रतिक्रिया छ।

कृषि विषय र शीर्षकमा सङ्घीय र प्रदेश सरकारका बजेटमा रकम विनियोजित भए पनि नाङ्गा खुट्टाका गरिब किसानले त्यसबाट अवसर पाउँदैनन्। ती रकम कागज मिलाएर टाठाबाठाले नै हात पार्ने गरेका अगुवा किसान बर्दिबास-६ चौलिखाका पर्शुराम ठाकुर बताउनुहुन्छ। कृषिक्षेत्रको यो अव्यवस्था चिर्न मुख्य रुपले स्थानीय तहहरु नै जिम्मेवार हुनुपर्ने अगुवा किसानको सल्लाह छ। स्थानीय तहहरुले व्यवस्थित कृषि शाखा सञ्चालन गरे सङ्घीय र प्रदेश सरकारका कृषि शीर्षकका रकम समुचित ठाउँमा पुग्ने वातावरण पनि बन्नसक्ने ठाकुरको सुझाव छ । आम किसान भने आफ्नो सरकार र आफ्ना प्रतिनिधि रहेको अनुभूति सँगाल्न समयमा कृषि ज्यावल, बीउबिजन, मलखाद र सहुलियत कृषि ऋणसँगै चाहिएको बेला प्राविधिक सरसल्लाह पाइने दिन पर्खिएको बताउँछन् ।रासस

# खेल राष्ट्र, स्वास्थ्य र प्रतिष्ठाका लागि महत्वपूर्ण छः सभामुख घिमिरे



पाटन । सभामुख देवराज घिमिरेले खेल खेल्नका लागि मात्रै नभएर राष्ट्र, स्वास्थ्य र प्रतिष्ठाका लागि महत्वपूर्ण भएको बताउनुभएको छ ।

झापा क्षेत्र नं १ सांसद सचिवालय काठमाडौँ तथा नेपाली कांग्रेस क्षेत्र नं १ काठमाडौँ सम्पर्क समितिको आयोजनामा भएको प्रथम 'झापा-१ काठमाडौँ कप' फुटसल प्रतियोगिताको आज उद्घाटन समारोहमा उहाँले सांसद विश्वप्रकाश शर्माले गरेको यो कार्य अत्यन्तै महत्वपूर्ण र रचनात्मक काम भएको बताउँदै खेलकुद क्षेत्रलाई राज्यले अझै पनि उचित स्थान दिन नसकेको बताउनुभयो ।

"पछिल्लो समय खेलको क्षेत्रमा नेपाल क्रमशः अगाडि बढ्दै आएको छ, केही समयदेखि क्रिकेटलगायत खेलमा नेपालले उल्लेख्य प्रगति गरेको छ, हरेक ठाउँबाट सक्रियता लिने हो भने खेलकुद क्षेत्रमा उत्कृष्ट स्थान हासिल गर्न सकिन्छ, खेलकुदमा हाम्रो भविष्य राम्रो छ", सभामुख घिमिरेले भन्नुभयो। उहाँले विगतको तुलनामा खेलकुद क्षेत्र थप वर्तमान समयमा केही राम्रो काम भएको भन्दै यसलाई अझै प्रोत्साहित गर्नुपर्नेमा जोड दिनुभयो।

नेपाली कांग्रेसका पूर्वमहामन्त्री एवं राष्ट्रियसभामा नेपाली कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद सिटौलाले रचनात्मक कार्यक्रममार्फत झापाका सबैलाई जोड्ने प्रयास र कौशलाको प्रशंसा गर्नुभयो। उहाँले सांसद शर्माले देशभर नै रचनात्मक काम गरेर जनताको मन जित्न गरेको प्रयास महत्वपूर्ण रहेको धारणा व्यक्त गर्नुभयो।

प्रतियोगिताको उद्घाटन समारोहमा सभामुख घिमिरेले विभिन्न पेसा व्यवसायी र राजनीतिक दलका प्रतिनिधिको समूहलाई खेल मैदानमा पुगेर फुटबल हस्तान्तरण गरी खेलको शुभारम्भ गर्नुभयो। प्रतियोगितामा झापाका राजनीतिक दल, विभिन्न पेसा व्यवसायमा आबद्ध व्यक्ति, कलाकार, महिला, कर्मचारीसहितका समूहगत खेलाडी सहभागी भएको नेपाली कांग्रेस क्षेत्र नं १ काठमाडौँ सम्पर्क समितिका अध्यक्ष प्रज्वल कोइरालाले जानकारी दिनुभयो। मैत्रीपूर्ण खेलका लागि वटा समूह र प्रतियोगितात्मक खेलका लागि सात समूह सहभागी रहेको उहाँले जानकारी गराउनुभयो।रासस

# बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति तयार गरिँदै

काठमाण्डु । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले देशका विभिन्न जिल्लामा भएका बाल विवाह अन्त्य गर्ने उद्देश्यले 'बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०८१' ल्याउने भएको छ।

बालविवाहका कारण बैवाहिक जीवन दिगो नहुने, परिपक्व नभई सन्तान जन्माउँदा स्वास्थ्यसम्बन्धी विभिन्न समस्या




देखिने, लैङ्गिक हिंसा, यौनजन्य हिंसा, बालश्रम, बेचबिखन जस्ता थप हिंसाहरूले बालिका र महिला थप प्रताडित हुने समस्या रोक्नका लागि पनि रणनीति निर्माणको अन्तिम चरणमा पुगेको महिलामन्त्री नवलकिशोर साह सुडीले जानकारी दिनुभयो।

"अशिक्षा, आर्थिक अवस्था कम्जोर र बालविवाह गर्दा हुनसक्ने समस्याका बारेमा जानकारी नभएकै कारण ग्रामीण क्षेत्रका बालबालिकाहरु उमेरै नपुगी वैवाहिक जीवनमा जोडिन बाध्य छन, विशेषगरी बालविवाहलाई व्यावहारिक रुपमै अन्त्य गर्नका लागि पनि रणनीति निर्माण लागिएको हो", मन्त्री सुडीले भन्नुभयो।

विवाह गर्ने वा नगर्ने भन्ने विषय प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार भएको र बालबालिकाको शिक्षा, प्रजनन स्वास्थ्य र बाल अधिकारलाई ध्यानमा राखी नेपालमा २० वर्षमुनि उमेरका व्यक्तिको विवाहलाई बालविवाह मानिएको छ।

नेपालको संविधान, राष्ट्रिय बालबालिका नीति, २०८०; मुलुकी अपराधसंहिता, २०७४, बालबालिकासम्बन्धी ऐन, २०७५ तथा बालबालिकासम्बन्धी नियमावली, २०७८; स्थानीय सरकार सञ्चालन ऐन, २०७४, बालविवाह विरुद्धको रणनीति, २०७२ लगायत अन्य कानुन पनि बालविवाह अन्त्यका लागि कार्यान्वयनमा रहेका छन् । बालबालिकाको हक र अधिकारको सुनिश्चतताका लागि बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ र महिलामाथि हुने सबै प्रकारका विभेदहरूको अन्य गर्ने महासन्धि, १९७९ लाई अनुमोदन गरी बालबालिका र महिलाको अधिकारलाई कार्यान्वयनका लागि प्रतिबद्धता जनाएको छ।

दिगो विकासको लक्ष्य (२०१६-२०३०) लगायतका मानव अधिकार र बाल अधिकारसँग सम्बन्धित दस्तावेजहरूलाई नेपालले अङ्गिकार गरेको छ।

नेपालको कुल जनसङ्ख्या दुई करोड ९१ हजार ६४ हजार पाँच सय ७८ मध्ये बालबालिका (१८ वर्षसम्मका) को ९८ लाख ६९ हजार पाँच सय ८३ (३३.८४ प्रतिशत) रहेका छन् । जसमध्ये बालक ५१.८ प्रतिशत र बालिका ४८.२ प्रतिशत रहेको छ । कुल पुरुषमध्ये बालक ३६ प्रतिशत र कुल महिलामध्ये ३२ प्रतिशत बालिका रहेको छन्।

नेपाल बहुक्षेत्रीय क्लस्टर सर्वेक्षण, २०७६ अनुसार २० देखि २४ वर्ष उमेर समूहका विवाहित व्यक्तिहरुमध्ये १५ वर्षमुनिका ५.२ प्रतिशत (पुरुष १.५ प्रतिशत र महिला ७.९ प्रतिशत) र १८ वर्षमुनिका २२.७ प्रतिशत (पुरुष नौ प्रतिशत र महिला ३२.८ प्रतिशत) को विवाह भएको पाइएको छ।रासस

# आजदेखि निर्वाचन आचारसंहिता लागू हुने

काठमाण्डु । आसन्न स्थानीय तह उपनिर्वाचनका लागि भोलिदेखि निर्वाचन आचारसंहिता लागू हुने भएको छ । निर्वाचन आयोगको शनिबारको बैठकले आइतबारदेखि उपनिर्वाचन हुने सम्बन्धित जिल्लाभित्र सार्वजनिक पद धारण गरेका व्यक्ति, निकाय तथा अधिकारीलाई निर्वाचन सम्पन्न नभएसम्म आचारसंहिता लागू गर्ने निर्णय भएको आयोगका सहसचिव एवं प्रवक्ता नीता पोखरेल अर्यालले जानकारी दिनुभयो।

आयोगका अनुसार नेपाल सरकार र मन्त्री, प्रदेश सरकार र प्रदेशमन्त्री, संवैधानिक निकाय र सोका पदाधिकारी, नेपाल सरकार वा प्रदेश सरकारका निकाय र सोका पदाधिकारी, स्थानीय कार्यपालिका र सोका सदस्य, सङ्घ, प्रदेश र स्थानीय तहका कर्मचारी, सुरक्षा निकाय, सुरक्षाकर्मी तथा कर्मचारी, सरकारी, अर्धसरकारी तथा सार्वजनिक संस्थाको कार्यालय र कर्मचारीलाई आचारसंहिता लाग्नेछ।

राजनीतिक दल तथा राजनीतिक दलको भ्रातृ सङ्गठन, उम्मेदवार तथा सम्बन्धित व्यक्ति, राजनीतिक दल तथा उम्मेदवारको मतदान प्रतिनिधि तथा मतगणना प्रतिनिधि, सार्वजनिक पदधारण गरेको व्यक्ति, अनुगमन समितिका पदाधिकारी तथा




अनुगमनकर्ता, पर्यवेक्षण संस्था तथा पर्यवेक्षक, सञ्चार प्रतिष्ठान, सोका कर्मचारी तथा सञ्चारकर्मी, निजी तथा गैरसरकारी संस्था, सोका पदाधिकारी तथा कर्मचारी र विद्यालयमहाविद्यालय वा विश्वविद्यालय, सोका शिक्षक तथा कर्मचारीको हकमा पनि आचारसंहिता लागू हुने आयोगले जनाएको छ।

यसैगरी, मतदाता, विकास साझेदार संस्था, सरकारी वा अर्धसरकारी निकायबाट सञ्चालित परियोजना तथा परियोजनाका कर्मचारी, मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने संस्था तथा सो संस्थाका कर्मचारी, निजी क्षेत्रका बैङ्क तथा वित्तीय संस्था, सहकारी संस्था, व्यापारिक तथा औद्योगिक क्षेत्र, सोका पदाधिकारी, कर्मचारी तथा कामदार, वस्तु वा सेवा प्रदायक व्यावसायिक संस्थाका पदाधिकारी, कर्मचारी तथा कामदार र आयोगले तोकेका अन्य निकाय वा व्यक्तिले आचारसंहिताको पालना गर्नुपर्नेछ।

आचारसंहिता लागू भएको जिल्लाका निर्वाचन हुने स्थानीय तहबाहेक अन्य क्षेत्रमा निर्वाचन आचारसंहिताले निषेध गरेका कार्य गर्नु/गराउनु परेमा निर्वाचन आयोगलाई पूर्वजानकारी दिई निकास भएबमोजिम गर्न सकिने आयोगले जनाएको छ।

"निर्वाचन आचारसंहिता सम्पूर्ण व्यक्ति, संस्था तथा अधिकारीको कानुनी दायित्व एवम् नैतिक बन्धन भएकाले यसको सम्पूर्ण रुपले पालना गरी निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विश्वसनीय रुपमा सम्पन्न गर्ने कार्यमा सबैको सहयोग हुनेमा आयोग विश्वस्त छ", प्रवक्ता पोखरेलले भन्नुभयो ।आचारसंहिता विपरीतका कार्य भए/गरेको पाइएमा वा हुन सक्ने पर्याप्त आधार र कारण देखिएमा मौखिक, लिखित, सामाजिक सञ्जाल, विद्युतीय माध्यम वा अन्य कुनै तरिकाले उजुरी दिन पनि आयोगले आग्रह गरेको छ।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# कमला मेला पर्यटकीय स्थल

मिथिलामा कार्त्तिक पूर्णिमाको विशेष महत्व छ।मिथिलामा देवदेवीहरुलाई कमलामा स्नान गराइन्छ ।कमला नदीमा देवदेवीले स्नान गरेपछि सिद्धि प्राप्ति हुने मान्यता छ ।तर त्यस अतिरिक्त पनि श्रद्धालुहरु कमला नदीमा कात्तिक पूर्णिमाको दिन स्नान गरी आफूलाई पवित्र बनाउने लोक मान्यता छ । हुन त पहिलेपनि चलायमान जललाई पवित्र मानिने र त्यसमा स्नान गर्दा अनेक फल प्राप्ति हुने मान्यता थियो । त्यो चलन अझै चल्दै आएको छ । धनुषा र सिरहा जिल्लाको सीमा छुट्टयाउने कमला नदी जयनगर हुँदै भारतीय सीमामा बग्छ। कमला नदीमा कार्त्तिक पूर्णिमाको दिन हरेक वर्ष ठूलो मेला लाग्ने गर्छ । नेपालको सिरहा, उदयपुर, धनुषा, महोत्तरी लगायतका भारतको मधुवनी, सीतामढी जिल्लाबाट भारी संख्यामा श्रद्धालुहरु कमला नदीमा स्नान गर्न पुग्छन् । भूत,प्रेत, देव, देवीमा विश्वास गर्नेहरुले कमला नदीमा स्नान गरी भूत प्रेतबाट मुक्ति र देवदेवीको सिद्धि प्राप्त गर्ने मान्यता छ। हजारौ मानिस विभिन्न देव देवीको भाव गर्दै नदीमा स्नान गर्छन् । पुरुष भन्दा महिलाको संख्या कम्ती हुँदैन् । बालबालिकामा पनि देव देवीको भाव भएको देखिन्छ। दसैंको घटस्थापनाकै दिनदेखि धामीझाँक्रीहरुले विभिन्न देवदेवीहरुको आह्वान गर्छन् । देवदेवीहरुको भाव बिभिन्न व्यक्तिहरुको जिउमा हुने गर्छ। त्यसलाई निरन्तरता दिदै कार्त्तिक पूर्णिमाको दिन कमला नदीमा स्नान गरेपछि त्यो दीर्घकालीन हुने मान्यता छ। हुन त भूतप्रेत र देवदेवीको भाव मानिसमा हुनु अन्धविश्वास हो । विज्ञानले यसलाई मान्दैन् । धामी,झाँक्री र बोक्सी बोक्साको मान्यता बहुत पुरानो हो ।त्यसप्रतिको जनविश्वास अझै विद्यमान छ ।कमला नदीमा लाग्ने मेला आस्थाको परिणाम हो। कमला मेलाको धार्मिक महत्व रहेकाले त्यो लामो समय सम्म चल्ने निश्चित छ ।कमला नदीको मेलालाई पर्यटनसित जोडन सकिन्छ।कार्त्तिक मेलालाई व्यवस्थित गरी राम्ररी प्रचार प्रसार गर्न सके हाल मेला भर्न आउनेको संख्यामा भारी बृद्धि हुन सक्छ ।मेला भर्न राती आउने र बिहानै स्नान गरी फर्किने चलनलाई दिनभरि राखेर व्यवसाय गर्न सकिन्छ। दिनभरि मात्र राख्न सकेपनि कमला मेला क्षेत्रमा ठूलो आर्थिक कारोबार हुने निश्चित छ ।अहिले बच्चाको खेलौना मात्र खरिदबिक्री हुने मेलामा अन्य कयौं प्रकारका सामानहरु समेत खरिदबिक्री हुने र नास्ता भोजनको कारोबार हुन सक्छ। बोटिंगको प्रबन्ध गरेर पनि मेलालाई आकर्षक बनाउन सकिन्छ । परम्परागत रुपमा मनाइने मेलालाई आधुनिकतासित जोडन आवश्यक छ ।कमला मेलालाई व्यवसायीकरण गर्न सके त्यहाँ वर्षभरि नै स्नान गर्नेहरुको घुइँचो लाग्न सक्छ ।तर त्यसका लागि प्रचार प्रसार आवश्यक छ।

# देशको नायकनै खलनायक !



प्रभाषचन्द्र झा
वरिष्ठ पत्रकार

अधिकांसतहः चलचित्रका कथाकारले नायक, नायिका र चरित्र अभिनेताको भूमिकाको माध्यमबाट समाजमा सकारात्मक सन्देश दिने प्रयास गर्छन् । चलचित्रको अर्को पक्षमा खलनायकले आतङ्क सृजना गर्ने, राष्ट्र र समाजविरोधी गतिविधि गर्ने, गलत तरिकाबाट सम्पति आर्जन गरेको देखाइन्छ । तर, उनलाई अन्ततः गलत कार्यको कारण प्रताडित हुनुपर्छ । गलत कार्यले विनासनै निम्त्याउँछ भन्ने चलचित्रमार्फत सन्देश दिइन्छ । तर, कतिपय गलत मानसिकताका व्यक्तिले खलनायकले गलत बाटो अपनाएर गुण्डागर्दीको शैलीलाई आफ्नो जीवन उतारेर छोटो समयमैं करोडपति बन्न खोज्छन् । त्यसरी, धन आर्जन गर्ने मनोवृति नेतामा देखिए भने निश्चित रुपमा जनता शोषित, पीडितका साथै अराजकताको चक्रब्यूँहमा फस्ने गर्छन् । नेतृत्वकर्ताको एक भूलले राष्ट्र र जनतालाई महङ्गो मूल्य चुकाउनु पर्छ। तसर्थ, राजनेतालाई कुनै निर्णय लिंदा राष्ट्रिय हितलाई सर्वोपरी ठान्नु पर्छ। तर, कतिपय नेतामा चलचित्रको खलनायकजस्तै चरित्र देखाउँछन् ।

नेतामा त्यागको भावना हुनुपर्ने, राष्ट्रप्रति समर्पन हुनुपर्ने र असल चरित्रमार्फत समाजमा अनुकरणीय उदाहरण प्रस्तुत गर्नुपर्ने हो । तर, गलत तरिकाले धन कमाउनका लागि पदीय मर्यादालाई समेत विर्सेर मानव तस्करी गरेर भएपनि रकम आर्जन गर्न तल्लीन देखिनु दूर्भाग्य हो ।

नेपालमा प्रजातन्त्र पुनःस्थापनापछि प्रायः भ्रष्टाचार र अनियमितता कै कुरा सुन्दै आइरहेका छौं। पञ्चायतकालमा व्यापक रुपमा भ्रष्टाचार भएको आरोप लगाउने नेतामध्ये कतिपय भ्रष्टाचारमा मुछिएका छन् । कहिँले वाइडवडि विमाण खरिदमा अनियमितता, बालुवाटारको जग्गा प्रकरण, भुटानी शरणार्थी प्रकरण, सहकारीमा अरबौं रकमको अपचलन, विकास निर्माणमा अनियमितता र बजेटको दुरुपयोगलगायतका विषयमा चर्चा सुन्दा सुन्दा जनतालाई दिक्क लाग्न थालेको हुनुपर्दछ । कुन नेता कुन मुद्धामा पक्राउमा परेको समाचार सुनेर जनताले 'लौं ! यो पनि उस्तै' प्रतिक्रिया दिन्छन् । सर्वसाधारणको अव, यस्ता कुराहरुमा खासै चासो छैन् किनभने, हप्तेपिच्छे कुनै न कुनै नेता वा उच्च पदाधिकारीको अनियमितताको खवर प्रकासित वा प्रसारित हुने गरिन्छ ।

दुई दसकअघि महिला अपहरण तथा बेचविखनको घटना अभिशापकै रुपमा थियो । अचेल, धेरै घटेको छ । अव, विधिवत रुपमा नागरिककै तस्करी हुन थालेको खवर सुनिन थालिएको हो । तस्करीको पनि स्तरमा बृद्धि भएको रुपमा बुझ्नु पर्दछ । उहिले गुन्डा प्रवृतिका व्यक्तिहरु यस्ता कार्यमा सम्मिलित हुन्थे भने अचेल, विद्वतवर्ग एवम् मुलुकका केही उच्चस्तरीय नेताले त्यस्ता अमानवीय कार्यमा संलग्न रहेको चर्चा यत्रतत्र सुनिन्छ । भनिन्छ, बोक्सीले सात घर छाडेर, तन्त्रमन्त्रको प्रयोग गर्छन् । त्यति नैतिकता बोक्सीमा रहेछ । देश हाँक्ने नेताले अवसर पाए भने धन आर्जनका लागि मानव तस्कर त सामान्य विषय हो, योभन्दा पनि जघन्य अपराधमा पछि नपर्ने उनीहरुको व्यवहारबाट सहजै अनुमान गर्न सकिन्छ ।

नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाएर अमेरिका उडाउने खेलमा पूर्वगृहमन्त्री, मन्त्री लगायत एक दर्जन व्यक्ति पक्राउमा परेका थिए । अहिले उनीहरु जमानतमा रिहा भएका छन् । यी घटनाबाट पनि नेताले पाठ सिकेनन् । यस्तै, मानव तस्करीको अभियोग उपसभामुख इन्दिरा रानामगरमाथि पनि आरोप लागेको थियो । उपसभामुख रानामगरले सन् २०२३ को फ्रेब्रुअरी २६ मा न्यूयोर्कमा आयोजना भएको 'एनजिओ सिएसडब्लु ६७' कार्यक्रममा आफूसहित अन्य पाँच जना सहभागी हुन जान लागेको र व्यस्त कार्यतालिका भएकाले भिसाको अन्तर्वार्ताको मिति मिलाइदिन आफ्नो लेटरप्याँडमा काठमाडौंस्थित अमेरिकी राजदुतावासलाई पत्र लेखेकी थिइन् । उनले ति असम्बन्धित व्यक्तिलाई प्रतिनिधिको रुपमा उल्लेख गर्दै उनले पत्रमा आफूसहित सवैका लागि कार्यक्रममा सहभागी हुनुपर्ने भएकाले समयमैं भिसाका लागि अन्तर्वार्ता लिन आग्रह गरेकी थिइन्। अमेरिकी राजदुतावासलाई शङ्का लागेपछि ति पाँचजनालाई भिसाको लागि अन्तर्वार्तामा बोलाइएन् । रातो राहदानी बोक्नेले निःशुल्क भिसा प्राप्त गर्छ र उनलाई अध्यागमनको प्रक्रियामा सहजताका साथै कुटनीतिक उन्मुक्ति पनि पाउँछन्। रानामगरसँग रातो राहदानी छ। राणामगरको व्यक्तिगत पत्रको आग्रहलाई स्वीकार गर्दै अमेरिकन राजदुतावासले समयमैं भिसा उपलब्ध गरिदिएको भए, उनीहरु पनि राणामगरसँगै अमेरिका पुगेको हुन्थ्यो । एक बर्षपछि यि कुरा सार्वजनिक भएपछि उनीमाथि मानब तस्करी गर्न खोजिएको आरोप लाग्यो। अहिले, पुर्वमन्त्री लीलाबल्लभ अधिकारीको घटनापनि राणामगरकै घटनासँग मिल्दोजुल्दो खालकै छ । फरक के छ भने लीलाबल्लभसँग ६ जना जापान पुग्न सफल भए । त्यहाँ उनीहरुमाथि शङ्का लागेपछि विमानस्थलबाट फर्काइएको हो । उपसभामुख रानामगरले खोजेको पाँच जनाको भिसा अमेरिकन राजदुतावासले नदिएको हो।

> प्राकृतिक सम्पदाले परिपूर्ण नेपालको उत्थानका लागि मात्र दस बर्ष इमान्दारीपूर्वक नेता र कर्मचारीहरुले कार्य गरिदिएको भए, मुलुक एशियाको विकसित राष्ट्को श्रेणीमा पुग्नका लागि मार्ग तयार हुन्थ्यो ।

उपसभामुख रानामगरमाथि सरकारले कारवाही गर्न खोज्दा राजनीतिक प्रतिशोध साध्न खोजेको भनेर विरोध शुरु भयो । उपसभामुखजस्तो गरिमामय पदमा बसेर आफूलाई के गर्नुपर्ने, के नगर्नुपर्ने, आफ्ना साथमा विदेश को जान पाउने ? को जान नपाउने भन्ने सम्बन्धमा जानकारी रहेनछ भन्ने देशको लागि चिन्ताको विषय हो । यसो हेर्दा, लीलाबल्लभलाई राणमगरमाथि केही कारवाही नभएको देखेपछि आफूपनि कारवाहीमा नपर्ने सम्झेर हिम्मत बढेको हुनुपर्छ। केही भयो भने, रास्वपाजस्तै आफ्नो पार्टीले खुलेर समर्थन गरेर बचाउँछन्। तर, यहाँ त प्रशासनीक कारवाहीअगावै एमाले पार्टीले नै कारवाही गरिसकेको रहेछ। लीलाबल्लभको लीला त सार्वजनिक भयो। यस कार्यमा अन्य को को संलग्न छन् । त्यसमाथि आवश्यक कारवाही हुनुपर्छ।

नेपालमा प्रजातन्त्रको पुनः स्थापनापछि कृष्णप्रसाद भट्टराई, मनमोहन अधिकारी र प्रदिप गिरीजस्ता नेताले सादा जीवन उच्च विचारलाई आत्मसात गरी आदर्शवादी चरित्रवान नेताको रुपमा पहिचान स्थापित गरेका थिए । समग्रमा भन्नुपर्दा, समाजवादको सिद्धान्तलाई आफ्नो जीवनको मूलमन्त्रको रुपमा अङ्गीकार गरेका थिए। नेपालमा प्रजातन्त्र पुनः स्थापनादेखि मुलुकको राजनीतिक परिदृश्यलाई हेर्दा भ्रष्टाचार, अनियमितता र राजनीतिक अस्थिरताबाट मुलुक कहिँले राजनीतिक स्थायित्व, सुशासन र सत्मार्गमा अगाडि बढ्ने आम नागरिकको चाहना फलिभूत हुने सम्भावनामा ग्रहण लागेको सम्झनु पर्दछ।

मुलुकमा सुशासन कसरी कायम गर्ने भन्दा आफू कसरी जोगिने र आउँदो निर्वाचनमा कसरी चुनाव जित्ने मात्र उद्देश्य बोकेको निर्वाचित नेताको व्यवहारबाट प्रष्ट हुन्छ । सवैधानिक आयोगमा पनि पार्टीगत भागवण्डा हुन्छ। सो कारणले इमान्दार एवम् अनुभवी व्यक्तिहरु ओझेलमा परेका हुन् । असल व्यक्तिको हातमा राजकीय सत्ता पुग्यो भने अभूतपूर्व परिवर्तन हुन सक्छ। असल व्यक्तिले देशमा आमूल परिवर्तनका लागि सर्वप्रथम समाजलाई नैतिकवान र चरित्रवान बनाउनका लागि सोअनुरुपमा शिक्षा प्रदान गर्छ। चरित्रवान व्यक्तिले सभ्य समाजको निर्माणलाई पहिलो प्राथमिकता दिन्छ । सभ्य समाजमार्फत मुलुकमा सुशासन कायममा सहयोग पुग्छ। कानुनी राज्य स्थापित भएपछि निश्चित रुपमा विकासले गति लिन्छ । प्रायः कुनैपनि लोकतान्त्रिक व्यवस्था देश र जनताको उन्नतिमा बाधक हुँदैन् । व्यवस्थालाई सञ्चालनगर्ने व्यक्तिको व्यक्तित्वमाथि निर्भर गर्दछ। यस्ता पुस्तकको ज्ञानलाई नेता, जनता र कर्मचारीले व्यवहारमा उतार्न नचाहेको कारण ठग नेताहरु यत्रतत्र सर्वत्र देखिन थालिएको हो।

नेतालाई जनतामुखी हुनुपर्नेमा सत्तामुखी भएपछि राजनीतिक अस्थिरता देखिएको र उच्छृङखलताले प्रश्रय पाएको हो । सरकारको स्थायित्व पाउन नसक्नुको नेतालाई मात्रै दोषि भन्नु उचित होइन् । अधिकांसले पार्टीगत, जातिगत र क्षेत्रगत आधारका साथै कतिपय आर्थिक प्रलोभन एवम् भोजभतेरमा प्रभावित भएर मतदान गर्छन् । त्यसपछि, नेताले केही गरेन् भन्ने गाली गर्नुभन्दा पहिले मतदातालाई सच्चिनु पर्छ।

महान दार्शनिक ओशोले "गलत व्यक्तिको हात देशको सत्ता पुग्यो भने पहिले आफ्नो हितमैं केन्द्रीत हुन्छ । राजनीति व्यक्ति स्वार्थको पूर्तिको माध्यम बनेपछि मुलुकमा कानुन राजको उपहास हुन्छ । अराजकताले प्रश्रय पाउँछ।" तसर्थ, राजनीति जति स्वस्थ रहन्छ, त्यति नै जीवनको हरेक कार्य स्वस्थ रहन्छ। सत्ताधारी राजनीतिज्ञसँग धेरै शक्ति हुन्छ सो शक्तिको सदुपयोग गर्नुपर्छ।

२०४७ को संविधानमार्फत प्रतिनिधिसभाको निर्वाचनमा काँग्रेसले २०४८ र २०५६ सालमा बहुमत प्राप्त गरेको थियो। अहिलेको संविधानमार्फत बहुमत ल्याउनका लागि कुनै एक दललाई प्रत्यक्षतर्फ ५० प्रतिशत सिटमा जितका साथै समानुपातिकतर्फ पनि लगभग ५० प्रतिशत सिटमाथि कब्जा गर्नुपर्छ। त्यसपछि, बहुमतको अङ्क पाउन सकिन्छ। यो त्यति सहज छैन् । किनकी, पहिलो संविधानसभाको निर्वाचनले पुष्टि गरिसकेको छ । सो निर्वाचनमा प्रत्यक्षतर्फ ५० प्रतिशत सिटमा जित हात पारेका माओवादीलाई समानुपातिक प्रणलीको कारण बहुमत पुग्न सकेन् । प्रचण्डलाई प्रधानमन्त्री बन्नका लागि उपेन्द्र यादवहरुको समर्थन लिनुपरेको थियो।

प्रधानमन्त्री केपि शर्मा, ओलीले संविधान संशोधनगर्ने विषयमा आफ्नो धारणा सार्वजनिक गरिसकेका छन् । काँग्रेस र एमालेले प्रदेशसभा र प्रतिनिधिसभामा राखिएका समानुपातिक प्रणाली हटाउने पक्षमा छन् । यी दुई दल मिलेर प्रतिनिधिसभामा संविधान संशोधन गर्न सक्छन् । तर, राष्ट्रियसभामा माओवादीकेन्द्रको सदस्य सङ्ख्या बढी छ । राष्ट्रियसभामा पारित गराउनका लागि तेस्रो शक्ति माओवादी केन्द्रको पनि सहमति चाहिन्छ। माओवादीले संविधान संशोधनमा लागि तयार नभए काँग्रेस र एमालेलाई अझैं एक बर्ष कुर्नुपर्छ। दुई बर्षपछि हुने राष्ट्रियसभाको निर्वाचनमा काँग्रेस र एमाले मिलेर चुनाव लड्यो भने प्रायः सवै सिटमा जित्ने सम्भावना देखिन्छ । त्यसपछि, राष्ट्रियसभामा बहुमत पुग्नेछ । संविधानको कुन कुन धारा संशोधन गर्ने, समानुपातिक हटाउँदा अल्पसङ्ख्यक, अपाङ्ग र आदिवासीलगायत पिछडिएका क्षेत्र र वर्गका लागि निर्धारित सिटलाई कसरी व्यवस्थापन गर्ने विषयमा विस्तृत रुपमा छलफल गर्नुपर्दछ । तर, समानुपातिक प्रणाली हटनुपर्ने विषयमा मुलुकका अधिकांस जनताको चाहना छ। तर, नेताहरु सो प्रणाली हटाउँछ भन्ने सम्बन्धमा पत्यार गर्न मुश्किल छ।

उद्योगको महशुलको विषयमा सरकार र विद्युत प्राधिकरणबीच टकराहटले प्रधानमन्त्री केपि शर्मा, ओलीको छविमा धक्का लागेको छ। अर्कोतर्फ, विद्युत प्राधिकरणको कार्यकारी निर्देशक कुलमान घिसिङ्गले बर्षौदेखि महशुल बक्यौता रहदा उतिखेर, नै लाइन किन नकाटेको ? सर्वसाधारण विद्युत ग्राहकले चार महिना महशुल नतिर्दा, लाइन काट्ने गर्छन् । त्यस्तै, उद्योगको लाइन किन नकाटेको भनेर प्रश्न उठेको छ। कतै न कतै विद्युत प्राधिकरणको पनि कमजोरी छ । अहिले पुनः उद्योगहरुमा लाइन जडान भएको छ। आउँदो दिनमा विद्युत प्राधिकरण र उद्योगीबीच विवाद समाधान होस भन्ने आम जनताको चाहना छ।

प्राकृतिक सम्पदाले परिपूर्ण नेपालको उत्थानका लागि मात्र दस बर्ष इमान्दारीपूर्वक नेता र कर्मचारीहरुले कार्य गरिदिएको भए, मुलुक एशियाको विकसित राष्ट्को श्रेणीमा पुग्नका लागि मार्ग तयार हुन्थ्यो। अव, नेपालको राजनीतिलाई कसरी स्वस्थ्य बनाउने जिम्मेवारी नयाँ पुस्तालाई लिनुपर्छ। समस्या के छ भने अधिकांस नयाँ पुस्तामा उच्च शैलीको सुखमय जीवन विताउने चाहना देखिएको छ। त्यस्ता युवाको हातमा सत्ता पुग्यो भने मुलुक झन अधोगतिमा पुग्ने खतरापनि छ। त्यस विषयमा मतदातालाई सचेत हुनु आवश्यक छ। 'इतिश्री' !

# वैश्विक तापक्रम वृद्धिको दुष्परिणाम र हाम्रो भविष्य



हरिविनोद अधिकारी




जलवायु परिवर्तनसम्बन्धी विश्व सम्मेलन-२९ अजरबैजानको राजधानी बाकुमा भइरहेको छ र मुख्य छलफलको समयमा नेपालले आफ्ना कुराहरु स्पष्टसँग राखेको छ । नेपालको तर्फबाट सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलले नेपालको नेतृत्व गर्दै हिमालको सुरक्षा नै पृथ्वीको सुरक्षा भनेर विश्वको ध्यान नेपालको हिमाल जोगाउने कुरामा आकर्षित गर्नु भएको छ। त्यसो त पोहोर मात्र संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुथ्रेसले जलवायु परिवर्तनका कारणले बढ्दो तापक्रमले हिमाली क्षेत्रमा देखिएको हिउँको क्षयीकरण आफ्नै आँखाले देख्नुभएको थियो । त्यतिमात्र होइन, नेपालको भ्रमणका बेलामा हिमाली क्षेत्रको संवेदनशीलतालाई नजिकैबाट महसुस गर्दै ३० प्रतिशतले हिउँ पग्लेर बग्ने हिमनदीको पानीमा कमी आएको नयाँ तथ्य स्पष्ट पार्नु भएको थियो।

स्मरणीय छ, यो तापक्रम वृद्धि गराउन र सूर्यको तापलाई छानेर आवश्यक मात्र उपलब्ध गराउने प्राकृतिक प्रणाली बिगार्ने हामीजस्ता हिमाली पानीमा भरपर्ने र कार्बन अत्यन्त न्यून मात्रामा उत्पन्न गर्ने देशहरुको कुनै दोष छैन। निर्दोष र कुनै कारणविना, अत्यन्त कार्बन उत्सर्जनको परिणाम भोग्ने चाहिँ हामी हुन थालेका छौं। हाम्रो प्राकृतिक पहाडमा जम्ने हिउँ एउटा निश्चित उचाइपछि जम्ने गर्थ्यो र समय आएपछि त्यही हिउँको भारले तलको हिउँ पग्लने चलन थियो। अब तापक्रम वृद्धिको मारले प्राकृतिक रुपमा निश्चित उचाइमा हिउँ नै पर्न छोडेको छ र बाह्रै महिना हिउँले ढाक्ने पहाड नितान्त काला पहाडको रुपमा परिणत हुन थालेको छ। त्यसले खाने पानी, सिँचाइका लागि आवश्यकपर्ने पानी र जङ्गली जनावरहरुले पिउनका लागि प्रयोग हुने पानीमा कमी हुँदै गएको तथ्य स्पष्ट नै छ।

जलवायु परिवर्तन चक्रको सुरुआत एकैदिन र एकैरातमा भएको होइन। अहिले हाम्रो साझा घर पृथ्वीमा तापक्रम वृद्धि हुँदै गएको र सूर्यबाट आउने तापलाई रोकेर हामी समक्ष आवश्यक मात्र पठाउने ओजन पत्र विस्तारै नष्ट हुँदैछ। यसो हुनुमा आवश्यकताभन्दा बढी कार्बन उत्सर्जन भएर ओजोन तहलाई समेत नष्ट गराउन थालेको बुझ्न त सकिन्छ तर त्यसको मर्मत गर्ने प्राकृतिक उपाय भनेको अब तत्कालै हरित ग्यास उत्पन्न नगर्ने प्रक्रिया थालनी गर्नुपर्ने हो। विकसित देशहरुका औद्योगिक उत्पादनका कारणले त्यो सम्भव छैन । सन् १९९२ मा नै संयुक्त राष्ट्रसङ्घले जलवायु परिवर्तन र पर्यावरणीय संरक्षणका लागि सहमति तयार गरेको थियो। अनि यसबारेमा सम्मेलन प्रत्येक वर्ष गरेर अद्यावधिक हुने र जसरी पनि जलवायु परिवर्तनका परिणामहरुको लेखाजोखा गर्ने र कसरी त्यसलाई न्यूनीकरण गर्नेबारेमा रणनीति तयार गर्ने भन्ने थियो।

त्यसो त कोपका विभिन्न सम्मेलनले यस सम्बन्धमा केही प्रयास गरेकै हो। पहिलो कोप सम्मेलन सन् १९९५ मा जर्मनीको बर्लिनमा भएको थियो जसमा विश्वका १९७ देशहरुले भाग लिएका थिए र बढ्दो तापक्रमका बारेमा विहंगम छलफल गरेका थिए र कसरी त्यसको परिणामलाई कमभन्दा कम क्षतिमा परिणत गर्ने भन्ने थियो । त्यस्तै तेस्रो सम्मेलन क्योटो (जापान) मा भएको थियो, जसले जलवायु परिवर्तनका कारण हरित गृह ग्यास उत्सर्जन नै हो भनेर त्यसको उत्सर्जनमा सीमित राख्न बाध्य पार्ने खालको क्योटो अभिसन्धि पारित गरेका थिए। कतिपय विकसित देशहरुले त्यसमा ओठेसम्मति जनाए पनि आफ्नोतर्फबाट प्रयास गरेनन् र त आजको यो भयावह अवस्था आउन थालेको हो। त्यस्तै सन् २०१५ मा भएको पेरिस सम्मेलनको २१औं कोप सम्मेलनमा विश्वको तापक्रम धेरै बढ्न नदिने जसमा बढीमा १.५ डिग्री सम्ममा सीमित गर्नुपर्ने नीति तयार गरियो । त्यही सम्मेलनमा अनावश्यक रुपमा हरित ग्यासको दुष्प्रभावले परेको समस्या र त्यसको परिणाम न्यून गर्न धनी देशहरुले प्रभावित देशहरुलाई क्षतिपूर्तिस्वरुप सहयोग गर्ने भन्ने पनि प्रस्ताव पारित गरियो।

तापक्रम वृद्धिका कारणले हामी मानव, पक्षी, वनजङ्गल, हिमाली क्षेत्र, अन्टार्कटिक क्षेत्र परेका छन् । पहाडी भेग, सामुद्रिक तट तथा वन जङ्गल मारमा परेका छन्, जसको पत्ता लगाउने त मानिसहरु नै हुन्। तथा हाम्रो साझा बासस्थान पृथ्वीलाई कसरी जोगाउने भन्ने अहम् प्रश्न उठेकै छ। कस्तो प्रभाव परेको छ भने जलवायुको परिवर्तनले सामुद्रिक तट पनि अछुतो रहेन । यसै कोप सम्मेलनमा राष्ट्रपति पौडेलले हाम्रै सार्क देश मालदिभ्सका राष्ट्रपति महम्मद मैजुनसँग भेटेर हिमाली पहाडी भेग धेरै रहेको नेपाल र समुद्रमा तैरेर बसेको भाग मालदिभ्स अब डुब्नै लागेको भविष्यवाणीसँग कसरी प्राकृतिक अवस्थामा बाँच्ने भन्ने बारेमा छलफल गर्नु भएको देखिन्छ।

जबजब गर्मी अनियन्त्रित तरिकाले बढ्न थालेको छ नै, त्यसले पृथ्वीको उत्तरी र दक्षिणी भागमा रहेका हिउँका ठूलाठूला ढिस्काहरु समुद्रमा पग्लेर जान थाले। यसले गर्दा समुद्रको पानीमा अनावश्यक रुपमा चिसोपन बढ्न थाल्यो र पानीको सतह बढेर तटीय क्षेत्रका बासिन्दा डुब्ने अवस्था छन्। पानी धेरै चिसो भएर त्यहाँ रहेका सामुद्रिक प्राणीहरु पनि वातावरणीय अनुकूलनमा दुष्प्रभावित भएका छन् र अनि सामान्य तरिकाले समुद्रको पानी वाष्पीकृत भएर मनसुनमा पर्ने पानीको समय फेरिन थालेको छ। उदाहरणका लागि नेपाल, पाकिस्तान, इण्डानेसियाजस्ता देशमा देखिन थालेको छ । कहिल्यै हिउँ नपर्ने साउदी अरबियामा यसपटक हिउँ मात्र परेन, ठूलो पानी परेको छ। त्यस्तै नेपालका हिमतालहरु फुटेर जीवन अस्थिर बनेको छ, पानी मुसलधारे यसरी परेको छ कि कहिल्यै अनुभव नगरिएको बाढी भोग्नु परेको छ र लाखौं मानिस प्रभावित भएका छन्। अचानक हिमपहिरो गएर खुम्बु क्षेत्रको थामेमा गाउँ नै बगायो झिलमिल घाम लागेकै दिन। यसले नदीतटीय क्षेत्रमा जीवन अन्यौलपूर्ण भएको छ।


अनावश्यक रुपमा पाएको दुष्परिणामको फल कहिलेसम्म भोगिरहने ? आफूले नगरेको पापको फल अनावश्यक रुपमा भोग्नुपर्ने देशहरुका लागि जलवायु परिवर्तनका लागि भोगेको अन्यायको कसरी क्षतिपूर्ति गर्ने ? आजको समस्या भनेको यही हो। सन् २०२३ मा दुबईमा भएको कोप सम्मेलनले हानी र नोक्सानी कोषको व्यवस्था गर्ने ऐतिहासिक निर्णय भएको थियो।

विश्वमा जलवायु परिवर्तनका परिणामहरु देखिन थालेपछि यसबाट प्रभावित देशहरुका पक्षमा संयुक्त राष्ट्रसङ्घले ध्यान दिन थालेको छ। यो पृथ्वीमा जलवायु परिवर्तनका कारणले प्राकृतिक स्वरुपमा हुन थालेको परिवर्तनलाई ध्यान दिन थालेर नै कोप सम्मेलन गराउँछ र विश्वका हजारौं विज्ञ, भुक्तभोगी र रणनीतिकारहरुको भेला गराउँछ तर हरित ग्याँस उत्पादन गर्ने र ओजोन तह मर्मत गर्नका लागि खासै ठोस प्रयास भएको देखिँदैन। यसको दुष्परिणामबाट नेपाल जस्ता हिमाली क्षेत्र अनि तराई मधेसजस्ता समथर भूमि भएका मुलुक जलवायु परिवर्तनका कारणले खडेरी, बेलामा पानी नपर्ने, अचानक मौसममा परिवर्तन आउने र जनधनको नोक्सान गर्ने कुरा खपेर बस्नु परेको छ।

नेपाल असंलग्न देशहरुको पनि नेतृत्व गर्छ, सार्कको र बिमिस्टेकको पनि नेतृत्व गर्छ र विश्वको सबैभन्दा ठूला हिमालयहरु र समथर भूमि अनि वनको ठूलो भाग लिएर बसेको छ। नेपालले कति पो कार्बन उत्सर्जन गर्छ होला र ? अनि हामीले अन्तर्राष्ट्रिय मञ्चमा उठाउनु पर्ने प्रश्न हुन्छन् – हाम्रो के दोष छ ? र हामी जलवायुको परिवर्तनको दुष्प्रभाव भोगेर कतिञ्जेल बस्ने ? अनि भएको जनधनको क्षति र प्राकृतिक रुपमा देखिने अन्यौलको क्षतिपूर्ति कसरी पाउने र कसले दिने ? यसपटक हाम्रो प्रतिनिधित्व राष्ट्रपति पौडेलको ध्यानाकर्षणले पक्कै कोपको हानी र नोक्सानी कोषमा रहेको कोषबाट आर्थिक सहयोग पाउने देशको रुपमा नेपाल प्राथमिकतामा पर्नेछ भन्ने अपेक्षा गर्न सकिन्छ।

आखिर हाम्रो बोली अरण्य रोदन हुँदोरहेछ किनभने हरित ग्यास उत्सर्जन गर्ने देशहरु त विश्वमा तापक्रम वृद्धिले भएको जलवायु परिवर्तनले उनीहरुको औद्योगिक उत्पादनमा कुनै फरक परेको छैन । युद्धमा पड्कने बम, लक्षित बारुदजन्य पदार्थहरुले जलवायुमा मात्र असन्तुलन आएको होइन कि वैश्विक हिंसात्मक युद्धमा समेत बढावा दिएका छन् । त्यसैले हामीले कोपको विपद् कोषको परिचालन, सहयोग र त्यसको सही प्रयोगको रणनीति विश्वासयोग्य बनाउनु जरुरी छ। नेपाल आफ्ना एजेन्डामा स्थिर हुनु जरुरी छ र राजनीतिक नेतृत्वमा जो भए पनि यो तापक्रम वृद्धिको अनुकूलनलाई कसरी हाम्रो तर्फबाट पनि कम गर्न सकिन्छ, त्यसबारेमा पनि अनुसन्धान जरुरी छ। (लेखक राजनीतिक विश्लेषक हुनुहुन्छ)

# करका लक्ष्य प्राप्तिका लागि इमान्दारीपूर्वक काम गर्न कर्मचारीलाई अर्थमन्त्रीको निर्देशन



काठमाण्डु । उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले करका लक्ष्य पूरा इमान्दारी पूर्वक काम गर्न कर्मचारीलाई निर्देशन दिनुभएको छ। 'राष्ट्रिय कर दिवस, २०८१' का अवसरमा शनिबार आयोजित कार्यक्रममा उहाँले आन्तरिक राजस्व विभाग र मातहत कार्यालयमा कार्यरत कर्मचारीले कार्य सम्पादन कमजोर बनाउनु हुँदैन भन्नुभयो ।

उहाँले भन्नुभयो, "विभाग र मातहतका कार्यालयको कार्यसम्पादन सूचक सन्तोषजनक छैनन् । गत आर्थिक वर्षको तुलनामा अहिले प्रगति कमजोर देखिएको छ । तोकिएको कार्य सम्पादनमा थप गम्भीर भएर लाग्नुहोस् ।" असामान्य अवस्थामा सामान्य तरिकाको काम गराइले लक्षित राजस्व सङ्कलन हुन नसक्ने जनाउनुहुँदै अर्थमन्त्री पौडेलले कर प्रशासनलाई आधुनिकीकरण गर्ने, लागत घटाउने, प्रविधिमैत्री जनशक्ति विकास गर्ने, करको दायरा विस्तार गर्ने, कर प्रशासनसँग जोडिएका काममा समय र लागत घटाउने गरी काम गर्नुपर्ने बताउनुभयो । अनिवार्य प्रकृतिका दायित्व बढ्दै गएको, सार्वजनिक ऋणको आकार ठूलो हुँदै गएको र साँवा ब्याज भुक्तानीमा ठूलो रकम खर्च भइरहेको अवस्थामा आन्तरिक राजश्वको दायरा बढाएर लक्ष्यअनुसार उपलब्धी हासिल गर्नसक्नुपर्ने अर्थमन्त्री पौडेलको भनाइ छ ।राज्यलाई कर तिर्नु भनेको हरेक नागरिकको कर्तव्य मात्र नभई गौरवको विषय रहेको उहाँको भनाइ छ । "करदाता र कर प्रशासनबीच सोहार्दपूर्ण वातावरण बनाउन आवश्यक छ । कर प्रशासनले करदातालाई अनुचित ढङ्गले दुःख दिनु हुँदैन", उहाँले भन्नुभयो ।

> "हाम्रो जिम्मेवारी कर सङ्कलनसँगै आर्थिक क्रियाकलापसमेत चलायमान बनाउनु हो । मुलुकभित्र लगानीको वातावरण बनाउन सके कर आफै बढ्छ ।"

कार्यक्रममा अर्थसचिव डा रामप्रसाद घिमिरेले मुलुकको समग्र अर्थतन्त्र चलायमान बनाउने र सहज लगानीको वातावरण तयार पार्न सके करको दायरा आफै बढ्ने बताउनुभयो । राजस्व प्रशासनलाई कसरी सुधार गर्ने भनेर सरकारले काम गरिरहेको उहाँको भनाई छ। उहाँले भन्नुभयो, "हाम्रो जिम्मेवारी कर सङ्कलनसँगै आर्थिक क्रियाकलापसमेत चलायमान बनाउनु हो। मुलुकभित्र लगानीको वातावरण बनाउन सके कर आफै बढ्छ।"

अहिले नेपालको अर्थतन्त्रमा केहि सुस्तता देखिए पनि खराब अवस्थामा भने नरहेको दाबी अर्थसचिव घिमिरेको छ। "हामीले अर्थतन्त्र खराब छ भन्ने भाष्य बनाउन हुन्न। हाम्रो रफ्तार पर्याप्त छैन तर, हिनताबोध गर्नुपर्ने अवस्था छैन", उहाँले भन्नुभयो, "तरलता सहज अवस्थामा भएपनि लगानी र आर्थिक क्रियाकलाप विस्तार हुन सकेका छैनन् । निजी क्षेत्रको लगानी विस्तार हुन सकेन भने सरकारको लगानी मात्रले अर्थतन्त्र सुधार हुन सक्दैन ।" निजी क्षेत्र कसरी चलायमान हुन्छ र लगानी बढ्छ भन्ने कुरामा पर्याप्त छलफल भएको अर्थसचिव घिमिरेले बताउनुभयो।

राजस्व सचिव दिनेश कुमार घिमिरेले निजी क्षेत्रका समस्या सुन्न कर प्रशासन तयार रहेको बताउनुभयो । अहिले बजारमा समग्र मागमा सङ्कुचन आएकोमा त्यसलाई सुधार गर्ने प्रतिद्धता उहाँले जनाउनुभयो । त्यस्तै, राजस्व क्षेत्र सुधारका लागि नीतिगत र संरचनागत सुधारका लागि काम गर्ने राजस्व सचिव घिमिरेको भनाई छ।

व्यक्तिगत आयकरतर्फ गत आर्थिक वर्ष सबैभन्दा बढी कर तिरेका व्यवसायी राजबहादुर शाहले राजनीतिक अस्थिरताका कारण मुलुकमा लगानीका लागि उचित वातावरण तयार हुन नसकेको बताउनुभयो । हरेक वर्ष देशभित्र नयाँ उद्योग खुल्नु पर्नेमा पछिल्ला वर्षहरुमा क्रमशः उद्योगहरु बन्द हुँदै गएको पनि उहाँको भनाइ छ ।रासस

# धर्मका नाममा हुने राजनीतिलाई निषेध गर्नुपर्छ : प्रधानमन्त्री



पाटन । प्रधानमन्त्री केपी शर्मा ओलीले धर्मका नाममा हुने राजनीतिलाई निषेध गर्नुपर्नेमा जोड दिनुभएको छ।

बौद्ध विहार सङ्घ, ललितपुरको शनिबार अक्षश्वर महाविहारमा आयोजित ४९औँ वार्षिकोत्सव तथा स्वर्णजयन्ती वर्ष शुभारम्भ कार्यक्रममा उहाँले धर्म निरपेक्ष हाम्रो मुलुकमा सबैलाई स्वतन्त्रतापूर्वक आफ्नो आस्थाअनुसार धर्ममा लाग्ने अधिकार रहेको तर यसलाई राजनीतिका रुपमा स्वीकार्य गर्न नसकिने दोहोऱ्याउनुभयो।

प्रधानमन्त्रीले धार्मिक सहिष्णुता कायम गर्दै अहिंसा, शान्ति र एकताका साथ धार्मिक अभ्यास गर्नुपर्ने बताउदै भन्नुभयो, "बुद्ध धर्म र उहाँका विचारलाई राजनीतिका लागि दुरुपयोग गर्नुहुँदैन । बुद्धको दर्शन नै शान्ति, अहिंसा र मानवताका लागि हो। कुनै जीवको हिंसा नगर भन्ने बुद्धवादको सार हो। बुद्ध धर्मका शिष्यहरु नै यस धर्मका रक्षक हुन्। हामीले बुद्धवादलाई युवाहरूमाझ फैलाउनुपर्छ । त्यसका लागि म मेरो तर्फबाट सक्दो काम गर्छु । यस धर्ममा करुण, स्नेह र मानवीयता छ। निःस्वार्थपन छ। त्यसैले यसलाई राजनीतिक हिसाबले दुरुपयोग गर्ने कुरालाई निधेष गर्नुपर्छ।''

पाँच वर्षअघि भियतनाममा भएको अन्तर्राष्ट्रिय बौद्ध सम्मेलनमा आफूले भाग लिएको र त्यस्ता सम्मेलन संयुक्त राष्ट्रसङ्घको आयोजनामा नेपालमा गर्ने कुराकानी भएका बेला कोभिड महामारीले असर गरेको सन्दर्भ उल्लेख गर्दै प्रधानमन्त्री ओलीले लुम्बिनीमा आफूले पाँच हजार क्षमताको अन्तर्राष्ट्रिय ध्यान केन्द्र निर्माण गराएको स्मरण गर्नुभयो।

त्यस अवसरमा प्रधानमन्त्री ओलीले बुद्धका शिक्षा र दर्शनलाई प्रचार र प्रवर्द्धनमा योगदान दिने लोटस रिसर्च सेन्टर र डुण्डुबहादुर बज्राचार्यलाई सम्मान गर्नुभयो । बौद्ध विहार सङ्घ ललितपुरका अध्यक्ष नानीकाजी शाक्यले पुर्खाहरुले सृजना गरेको बौद्ध धर्मसम्बन्धी सम्पदाले पर्यटन प्रवर्द्धनमा उल्लेख्य योगदान दिएको बताउनुभयो । बौद्ध विहार सङ्घको स्थापना २०३२ साल मङ्सिर १ गते भएको हो ।रासस

## निर्यात बढाउन हरसम्भव प्रयत्न गर्ने प्रतिबद्धता

काठमाण्डु । बेलायतका लागि प्रस्तावित राजदूत चन्द्रप्रसाद घिमिरेले अधिकभन्दा अधिक मुलुकका निर्यातजन्य सामग्रीको व्यापार बेलायतमा अभिवृद्धि गर्न आफूले हरसम्भव प्रयत्न गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

धरान सरोकार समाजले शनिबार उहाँको सम्मानमा आयोजना गरेको कार्यक्रममा श्रीघिमिरेले आर्थिक कूटनीति, प्रत्यक्ष वैदेशिक लगानी प्रवर्द्धन, बेलायतबाट उच्चपदस्थ अधिकारीलाई नेपाल भ्रमणमा ल्याएर पारस्परिक सम्बन्धलाई नयाँ तहमा पुऱ्याउने र भूतपूर्व गोर्खा सैनिकसम्बन्धी विषयलाई निष्कर्षमा पुऱ्याउन हरतरहले प्रयास गर्ने बताउनुभयो।

पूर्वसञ्चार राज्यमन्त्री कृष्णकुमार राई, वरिष्ठ अधिवक्ता हरिहर दाहाल, चीनका लागि पूर्वराजदूत राजेश्वर आचार्य, नेपाल चेम्बर अफ कमर्सका पूर्वअध्यक्ष महेशकुमार अग्रवाल, समाजका कार्यवाहक अध्यक्ष डा महेन्द्र सुब्बा, सदस्य सन्दीप भण्डारीलगायत काठमाडौँलाई कार्यस्थल बनाएर लामो समयदेखि यहाँ रहेका धरानका बासिन्दाले नेपाल-बेलायतसम्बन्ध विस्तारमा प्रस्तावित राजदूत घिमिरेको सफल कार्यकालको कामना गर्नुभएको थियो ।रासस

## 'खेलकुदले खेलाडी र राष्ट्रलाई अन्तर्राष्ट्रियस्तरमा चिनाउँछ'

धरान । कोसी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले यहाँ सञ्चालित अखिल नेपाल फुटबल सङ्घ (एन्फा एकेडेमी) का खेलाडीलाई आज फुटबलका सामग्री वितरण गर्नुभएको छ।

धरान उपमहानगरपालिका-१७ स्थितप्रदेशफुटबलसङ्घद्वाराआयोजित कार्यक्रममा खेलकुद हस्तान्तरण सामग्री वितरण गर्दै मुख्यमन्त्री कार्कीले खेलकुदले खेलाडीलाई मात्र नभई समग्र राज्यलाई अन्तर्राष्ट्रियस्तरमा चिनाउने बताउनुभयो । मुख्यमन्त्री कार्कीले भन्नुभयो, "फुटबलका क्षेत्रमा जुन लगानी हुनुपर्ने त्यो भएको छैन। खेल र खेलाडीमा लगानी कम हुँदाहुँदै पनि हाम्रा विभिन्न विधाका खेलाडीले उत्कृष्ट खेल प्रदर्शन गरी मुलुकको पहिचान अन्तर्राष्ट्रिय जगतमा पुऱ्याइरहेका छन्।"

कार्यक्रममा एन्फा एकेडेमी धरानका ३० जना खेलाडीलाई जर्सी, जुत्ता, ट्र्याकसुटलगायत फुटबल सामग्री वितरण गरिएको छ । कार्यक्रममा कोसी प्रदेशका सांसद रमेशकुमार बस्नेत, विजय राई, वरिष्ठ पत्रकार हर्ष सुब्बा, मजदुर सङ्गठनको केन्द्रीय अध्यक्ष भीम ज्वाला राईलगायत विभिन्न राजनीतिक दलका प्रतिनिधिको उपस्थिति थियो ।रासस

# प्रतिबद्धताअनुसार सहयोग हुन्छः विशेष प्रतिनिधि क्याथे



बाकु । वन तथा वातावरण मन्त्री ऐनबहादुर शाही र संयुक्त अधिराज्यका जलवायु परिवर्तन सम्बन्धी विशेष प्रतिनिधि रिचेल क्याथेबीच भेटवार्ता भएको छ ।अजरबैजानका बाकुरमा जारी जलवायु परिवर्तन सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनस्थलमा आज उहाँहरुबीच भएको भेटमा द्विपक्षीय आपसी हित र सहयोगका विविध पक्षमा कुरा भएको भेटमा सहभागी वन मन्त्रालयका उपसचिव दीपा ओलीले जानकारी दिनुभयो । उहाँका अनुसार भेटमा मन्त्री शाहीले बेलायतसँग नेपालको दीर्घकालीन, सौहार्दपूर्ण र ऐतिहासिक सम्बन्ध रहदै आएको उल्लेख गर्दै बेलायत सरकारको सहयोगमा नेपालमा जलवायु परिवर्तनका क्षेत्रका विभिन्न परियोजनाहरू र कार्यक्रमहरू सञ्चालन हुँदै आएको बताउनुभएको थियो।

साथै उहाँले हालै मात्र भएको नेपाल र बेलायतबिच भएको रेन परियोजनाको सम्झौताले वर्तमान सफलतालाई थप अगाडि बढाउने र नेपालको जलवायु तथा विपद् व्यवस्थापन कार्यलाई थप विस्तार गर्न मद्दत गर्ने उल्लेख गर्नुभएको थियो । मन्त्री शाहीले संयुक्त अधिराज्यको ग्लास्गोमा सम्पन्न कोप-२९ मा नेपाल सरकारले आफ्नो जलवायु महत्वाकांक्षी महत्त्वपूर्ण घोषणाहरू गरेको बारेमा स्मरण गराउदै आगामी दिनमा थप सहयोगको अपेक्षा गर्नुभएको थियो।

सो अवसरमा विशेष प्रतिनिधि क्याथेले नेपालसँग बेलायतको एतिहासिक सम्बन्ध बारे चर्चा गर्दै बेलायतले जलवायु परिवर्तनका असर न्यूनिकरणका लागि गरेको प्रतिबद्धताअनुसार सहयोग गर्ने बताउनुभएको थियो ।यसैगरी आजै मन्त्री शाहीसँग एसियाली विकास बैंकका महानिर्देशक रमेश सुब्रमन्यमले शिष्टाचार भेटवार्ता गर्नुभएको छ । सो अवसरमा उहाँहरुबीच एसियाली विकास बैंकको सहयोगमा नेपालमा सञ्चालित परियोजनाबारे छलफल भएको थियो।

मन्त्री शाहीले नेपालमा एसियाली विकास बैंकले पूर्वाधार विकास, वनको विकास तथा संरक्षण, जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरण तथा क्षमता अभिवृद्धि लगायतका क्षेत्रहरुमा सहयोग पुऱ्याउदै आएको उल्लेख गर्दै नेपालको विकासका लागि आफूहरुले सहुलियतपूर्ण ऋणका साथै अधिकतम् अनुदानको अपेक्षा गरेको उल्लेख गर्नुभएको थियो ।यसैगरी महानिर्देशक सुब्रमन्यमले नेपालमा बैंकद्वारा सञ्चालित परियोजनाका बारेमा चर्चा गर्दै नेपालको प्रस्तावमा छलफल गर्न तयार रहेको बताउनुभएको थियो।

कोप-२९ सम्मेलनमा अनुकूलन, हानी नोक्सानी, जलवायु वित्त, प्रविधि विकास र हस्तान्तरण, क्षमता विकास, अल्पविकशित राष्ट्रहरुको विषय, जलवायु प्रतिकार्यको कार्यान्यवनको प्रभाव, पेरिस सम्झौताको दफा ६, पेरिस सम्झौताको वैश्विक मापन, महासन्धीको दिर्घकालीन विश्वव्यापी लक्ष्यको प्रगति, जस्ट ट्रान्जिसन सम्बन्धी वर्क प्रोग्राम, न्यूनीकरण सम्बन्धी वर्क प्रोग्राम, लैंगिक र जलवायु परिवर्तनलगायत विषयमा छलफल भइरहेको छ।

महासन्धिका पक्षराष्ट्रहरूको २९औं सत्र (कोप-२९) सँगसँगै पेरिस सम्झौताका पक्षराष्ट्रहरूको छैटौ सत्र (सिएमए-६) र क्योटो अभिसन्धिका पक्षराष्ट्रहरूको १९औं सत्र (सिएमपि-१९) लगायत एसबिएसटिए-६१/एसबिआई-६१ सत्रहरु समेत सञ्चालित छन् ।रासस

## कांग्रेसको १०० दिने अभियान पुनःसुरु

चितवन। नेपाली कांग्रेसले स्थगन गरेको १०० दिने विशेष अभियान पुनःसुरु गरेको छ। कांग्रेस चितवनले अभियानका बारेमा जानकारी दिन शनिबार आयोजना गरेको पत्रकार सम्मेलनमा अभियान कात्तिक ३० गतेदेखि फागुन ७ गतेसम्म सञ्चालन गरिने जानकारी दिइएको छ।

असोज ६ गते सुरु गरेको अभियान वर्षातका कारण स्थगन गरिएको थियो। अभियानका लागि जिल्लामा केन्द्रीय प्रतिनिधिका रुपमा केन्द्रीय सदस्य इन्जिनियर मधु आचार्य आइसक्नुभएको छ। केन्द्रीय प्रतिनिधिका रुपमा आउनुभएका आचार्यको उपस्थितिमा यहाँका सात पालिका र ९८ वटै वडामा विभिन्न कार्यक्रम आयोजना गरी अभियान सञ्चालन गर्न लागिएको नेपाली कांग्रेसका सभापति राजेश्वर खनालले जानकारी दिनुभयो। जिल्लाले सातै पालिका र ९८ वटै वडामा महाधिवेशन, महासमिति सदस्य, प्रदेश समितिका सदस्य र जिल्ला कार्यसमितिका सदस्यलाई प्रतिनिधिका रुपमा खटाइएको उहाँले बताउनुभयो।

खटाइएका प्रतिनिधिले मङ्सिर १० गते एकैपटक सबै वडा तहमा बैठक राखेर अभियानको सुरुवात गर्ने छन्। यस्तै वडा, क्षेत्रीय समिति, प्रदेश समितिलगायतका संरचनाको बैठक भेलालगायत काम सञ्चालन गरिनेछ। यससँगै अभियानका क्रममा आम जनताका गुनासो सुनेर केन्द्रीय समितिमा प्रतिवेदनका रुपमा पेस गरिने केन्द्रीय सदस्य आचार्यले जानकारी दिनुभयो।

जनताका गुनासोसँगै पार्टीले प्राथमिकताका आधारमा गर्नुपर्ने कामको रुपरेखा तयार गर्न सहज हुने उहाँको भनाइ छ। कांग्रेस सरकारमा रहेको अवस्थामा अहिलेको गठबन्धनलाई आम जनताको बुझाइ र भ्रम भए त्यसलाई चिर्न अभियान सफल हुने विश्वास उहाँले व्यक्त गर्नुभयो। रासस

# 'कृषिमा आत्मनिर्भर बनाउन प्रदेश सरकार प्रतिबद्ध छ'

बाजुरा । सुदूरपश्चिम प्रदेशका भूमि, कृषि तथा सहकारी विकासमन्त्री वीरबहादुर थापाले प्रदेश सरकार कृषिमा आत्मनिर्भर हुने गरी काम गरिरहेको बताउनुभएको छ।

शनिबार कृषि विकास निर्देशनालय र बडीमालिका नगरपालिकाको संयुक्तरुपमा आयोजनमा कृषि बजार तथा कोल्ड च्याम्बर हस्तान्तरण कार्यक्रममा कृषि क्षेत्रको प्रवर्द्धन र आधुनिक कृषितर्फ लैजाने गरी सरकारले निती तथा कार्यक्रम नै ल्याएको बताउनुभयो।

प्रदेशका पहाडी जिल्लामा कृषि क्षेत्रको सम्भावना रहेकाले सात जिल्लालाई पहिलो प्राथमिकतामा राखेको मन्त्री थापाले स्पष्ट पार्नुभयो । उहाँले कृषि क्षेत्रको लगानी बढाएर कृषकलाई स्थानीयस्तरमा उत्पादन हुने रैथाने बाली र आधुनिक कृषिमा प्रवर्द्धन गर्ने गरी सरकारले नीति लिएको धारणा व्यक्त गर्नुभयो।

मन्त्री थापाले सुदूरपश्चिम प्रदेशमा ८४ प्रतिशत नागरिक कृषि पेसामा संलग्न रहेकाले कृषिमा आबद्ध रहेको दाबी गर्नुभयो। प्रदेश सरकारले कृषि क्षेत्रलाई नै पहिलो प्राथमिकता राखेर काम गर्ने सरकार तयार रहेको उहाँको भनाइ छ । "कृषिमा लगानी गरेर उत्पादन गरिएको वस्तु सहज रुपमा बजारसम्म पुर्याउन र बजारमा पुगे बिक्री गर्न समस्या र बाँझो जमिन उपयोगमा नहुने नै मुख्य समस्या भएको हो", उहाँले भन्नुभयो।




पहाडी जिल्लामा बाझो रहेको जमिनलाई उपयोग गरी युवालाई स्वरोजगार बनाउने गरी काम गर्न सरकार प्रतिबद्ध रहेको मन्त्री थापाको जिकिर थियो।

कृषि बजार तथा कोल्ड च्याम्बर पालिका र जिल्लाभरिका कृषकहरुले उत्पादन गरेका रैथाने बाली र अन्य उत्पादनको व्यवस्थापन गर्ने गरी निर्माण गरिएको हो । नगरपालिकाको रु १२ लाख १५ हजार ४७१ र कृषि विकास निर्देशनालय डोटीको रु ४१ लाख १९ हजार ९८४ गरी रु ८५ लाख एक हजार ८४० को लागतमा निर्माण गरिएको कृषि ज्ञान केन्द्र बाजुराका प्रमुख भूमिराज उपाध्यायले जानकारी दिनुभयो।

उहाँले कृषि बजारमा कृषकले उत्पादन गरेर ल्याएका तरकारी तथा खाद्यान्न बाली बिक्री र उनीहरुलाई चिस्यान केन्द्र( कोल्ड स्टोर)मा राख्ने गरी खरिद बिक्रीको कार्य हुने बताउनुभयो । कोल्ड स्टोर निर्माणपछि कृषकले उत्पादन गरेका फलफूल, तरकारी, रैथाने बालीको एकै ठाउँबाट बिक्री वितरणमा सहज हुने कार्यालय प्रमुख उपाध्यायको भनाइ छ।

सो केन्द्र विसं २०७६ मा निर्माण कार्य सम्पन्न गर्ने गरी सम्झौता भए पनि पाँच वर्षपछि निर्माण कार्य सम्पन्न भएर हस्तान्तरण गरिएको हो । कृषि उपज सङ्कलन केन्द्रले भण्डार तथा बिक्री वितरणमा सहयोग पुऱ्याउने कृषि ज्ञान केन्द्रका प्रमुख उपाध्यायले बताउनुभयो।

चिस्यान केन्द्रसहित कृषि हाट बजार सञ्चालनमा आएपछि उत्पादित आलु, बन्दा, सुन्तला, स्याउ र परम्परागत बालीको भण्डारण गर्न सहयोग पुग्ने नगरपालिकाको कृषि शाखाले जनाएको छ ।रासस

# 'मुलुकको विकासलाई सर्वोपरि मानेर सरकारले काम गरिरहेको छ'



भक्तपुर । नेपाल कम्युनिष्ट पार्टी (एमाले)का महासचिव शङ्कर पोखरेलले मुलुकको विकासलाई सर्वोपरि मानेर सरकारले काम गरिरहेको बताउनुभएको छ। नेकपा एमाले सूर्यवनायक नगर कमिटीको दोश्रो नगर अधिवेशनको उद्घाटन गर्दै उहाँले पार्टी अध्यक्ष केपी शर्मा ओली नेतृत्वको संयुक्त सरकारले निराशालाई चिर्दै सकारात्मक सोचका साथ विकास-निर्माणका काममा तल्लीन भएको बताउनुभयो।

उहाँले भन्नभयो, " नेकपा एमालेको नेतृत्वमा सरकार भएपनि पनि एकल निर्णय र एजेण्डा बाकेर हिड्न पाएको छैन, साझा एजेण्डामा सरकार सञ्चालन भइरहेको छ ।" राज्य र जनता मिलेर देश बनाउनुपर्नेमा जोड दिँदै उहाँले राजनीतिक स्थायित्व भएमा देशलाई समृद्धिको मार्गमा डोऱ्याउन धेरै समय नलाग्ने बताउनुभयो।

त्यस अवसरमा नेकपा एमाले स्थायी कमिटी सदस्य राजन भट्टराई, पोलिटव्यूरो सदस्य महेश बस्नेत, केन्द्रीय सदस्यहरु सोमप्रसाद मिश्र, निर्मल भट्टराई, तुलसा दाहाल, गोविन्द दुवाल, बागमती प्रदेश कमिटी अध्यक्ष कैलाश ढुङ्गेल, जिल्ला अध्यक्ष बचन देउजा, उपाध्यक्ष किरण थापाले 'एमालेको मिसन ०८४ अभियान'लाई सफल पार्न सबै नेता, कार्यकर्ता एकताबद्ध भएर अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो ।रासस

# इजरायली निकासी आदेश पछि दक्षिण बेरुतमा पुनः आक्रमण : एएफपिटिभी

एएफपी

बेरुत। इजरायली सेनाले निकासी आदेश जारी गरेको केही समय पछि लेबनानको राजधानी बेरुतको दक्षिणी उपनगरमा शनिबार पुनः आक्रमण भएको एएफपिटिभीले जनाएको छ। इजरायलले हिजबुल्लाहको गढ रहेको सहरको दक्षिणी उपनगरहरूमा मङ्गलबारदेखि निरन्तर आक्रमण गरेको जनाउदै एएफपिटिभीले शनिबार बिहान उक्त क्षेत्रका भवनहरूबाट धुवाँ उडेको त्यस क्षेत्रका भवनहरू ध्वस्त पारेको जनाएको छ। पछिल्लो समयमा दक्षिण बेरुतमा भएको बारम्बारको इजरायली हवाई आक्रमणले यस क्षेत्रबाट नागरिकहरूको ठूलो पलायन निम्त्याएको छ।

दक्षिणी लेबनानमा, इजरायलले शुक्रबार राति र शनिबार बिहान धेरै आक्रमणहरू गरेको एनएनएले जनाएको छ। यसै गरी हिजबुल्लाहले रातारात, उत्तरी इजरायलमा सेनाको मुख्यालयलाई लक्षित गरी



देखाइएको छ।

आक्रमणको केही समयअघि, इजरायली सेनाका प्रवक्ता अविचाय अद्राईले सामाजिक सञ्जाल एक्सको पोष्टमा हारेट ह्रीक उपनगरका बासिन्दाहरूलाई उक्त क्षेत्र खाली गर्न आह्वान गर्नु भएको थियो। पोष्टमा अरबी भाषामा "तपाईं हिजबुल्लाहका सुविधाहरु नजिक हुनुहुन्छ, यसको बिरूद्ध इजरायली सेनाले सिग्र आक्रमण गर्नेछ", भन्दै कम्तिमा ५०० मिटर टाढा जान आग्रह गरिएको थियो।

लेबनानको राष्ट्रिय समाचार एजेन्सी (एनएनए) ले "इजरायलले" तीनवटा हवाई आक्रमण गरेको र हारेट ह्रीक नजिकै भएको आक्रमणले दुईवटा रकेट आक्रमण गरेको दाबी गरेको छ।

गत सेप्टेम्बर-२३ देखि, इजरायलले लेबनानमा हवाई आक्रमण बढाएको छ, भने हिजबुल्लाहले स्थलगत सेना तैथान गरेको छ।

लेबनानी अधिकारीहरूका अनुसार गत वर्षको अक्टोबरमा हिजबुल्लाह र इजरायल विच आक्रमण सुरु भए देखि तीन हजार ४४० भन्दा बढी मानिसहरुको मृत्यु भएको छ। द्वन्द्वले लेबनानमा पाँच अर्ब डलर भन्दा बढी आर्थिक नोक्सान पुर्याउनुका साथै संरचनात्मक क्षति अरबौं भन्दा बढी भएको विश्व बैङ्कले जनाएको छ।

# डढेलोको खतराका कारण अस्ट्रेलियामा सहरहरू खाली गर्न आदेश

सिन्ह्वा

सिड्नी ।दक्षिणपूर्वी अस्ट्रेलियाली सहरका बासिन्दाहरूलाई सम्भावित डढेलो (बुशफायर) को जेखिमका कारण वासस्थान खाली गर्न आदेश दिइएको छ । दक्षिणपूर्वी राज्य भिक्टोरियाका अधिकारीहरूले शनिबार अष्ट्रेलियाका पश्चिमी र दक्षिणपश्चिमी समुदायहरूका लागि आपतकालीन चेतावनी जारी गरेका छन्।

अ धि का री ह रु ल चेतावनीमा जेखिम न्युनिकरणको सुरक्षित विकल्प निकासी भएको उल्लेख गर्दै अवस्था धेरै बिग्रन सक्ने र यहि बसेमा आपतकालीन सेवासमेत प्रवाह गर्न नसक्ने तथा गम्भीर चोटपटकसहित मृत्युको जोखिम हुन सक्ने जनाएका छन् । मौसम विज्ञान विभागले शनिबार दक्षिणी र पूर्वी अस्ट्रेलियाका धेरै भागमा विनाशकारी आगलागीको खतरा रहेको पूर्वानुमान गरेको छ।

# शाहको क्रिकेट प्रेमः अष्ट्रेलियाको क्लबदेखि सुदूरपश्चिम रोयल्ससम्म

काठमाण्डु । "नेपाल प्रिमियर लिग (एनपिएल)को पहिलो संस्करणमै विश्वस्तरीय खेलाडीले देखाएको चासो र उनीहरुको अनुबन्धनले प्रतियोगिताको महत्व निकै बढाएको छ, यो हाम्रो अपेक्षाभन्दा राम्रो भइरहेको छ", गत बिहीबार साँझ अबेरसम्म कार्यालयमा काममा तल्लिन स्वतन्त्र प्रताप शाहले रासससँगको कुराकानीको सुरुआतमा भन्नुभयो।

'सुदूरपश्चिम रोयल्स'का मालिक समेत रहनुभएका उहाँको व्यस्तता पनि उसैगरी बढेको छ, जसरी प्रतियोगिताको 'चार्म' बढिरहेको छ । "प्रतियोगिता सुरु हुन धेरै दिन बाँकी छैन, विदेशी खेलाडी अनुबन्धनदेखि प्रायोजकसँगको छलफलले समय निकाल्न पनि मुस्किल भइरहेको छ", उहाँले भन्नुभयो, "अन्तर ाष्ट्रिय ब्रोडकास्टरदेखि खेलाडीको प्रवेशले प्रतियोगितालाई अझ स्तरीय बनाउँदै लगेको छ।" एनपिएलका आठ टिममध्ये सुदूरपश्चिम रोयल्सलाई शाहको कम्पनी एम्पायर स्पोर्ट्स म्यानेजमेन्ट प्रालिले रु एक करोड ६८ लाख ८८ हजार आठ सय ८८ मा खरिद गरेको हो। जसरी प्रतियोगिताका आम दर्शक र व्यावसायिक कम्पनीहरुको चासो बढिरहेको छ, यसले एनपिएललाई प्रतिष्ठित र महत्वपूर्ण प्रतियोगिताका रुपमा स्थापित गरेको उहाँको बुझाइ छ।




दुई दशकभन्दा लामो समयदेखि अष्ट्रेलियामा रहँदै आउनुभएका शाहले त्यहाँ पनि क्रिकेट क्लब सञ्चालन गरिरहनुभएको छ । "विगत पाँच वर्षदेखि क्विन्सल्याण्ड राज्यको ब्रिसबेनमा एम्पायर लायन्स क्रिकेट क्लब सञ्चालन गरिरहेको छु, त्यहाँ पनि बर्सेनि क्रिकेट लिग आयोजना हुन्छ, यहाँ जस्तै बोलकबोलमा खेलाडी छनोट गरी प्रतियोगिता आयोजना भइरहेको छ", उहाँले भन्नुभयो, "अष्ट्रेलियामा जागेको क्रिकेटको क्रेजले नै मलाई एनपिएलसम्म डोऱ्याएको हो।"स्कुले जीवनमा क्रिकेटमा सामान्य रुचि राख्ने उहाँ कुनै समय तेक्वान्दो खेलाडी हुनुहुन्थ्यो । त्यसबेला तेक्वान्दोका चर्चित खेलाडी दीपक विष्टलगायतसँग सहकार्य गरेको उहाँको अनुभव छ। विष्ट अहिले सुदूरपश्चिम रोयल्सको 'ब्राण्ड एम्बासडर' समेत हुनुहुन्छ।

अध्ययनका सिलसिलामा सिङ्गापुर हुँदै सन् २००३ मा अष्ट्रेलिया पुग्नुभएका कैलालीको टीकापुरका शाहले अष्ट्रेलियामा पनि क्रिकेट क्लब सञ्चालन गरिरहनुभएको छ । सन् १९९८ मा टीकापुरबाट एसएलसीको पढाइ सकाएपछि प्लस टु पढ्न काठमाडौँ आउनुभएका शाह सन् २००१ मा डिप्लोमा इन बिजनेस एडमिनिष्ट्रेसन पढ्न सिङ्गापुर गएकोमा सन् २००३ मा एड्भान्स डिप्लोमा पढ्न उतैबाट अष्ट्रेलिया जानुभएको हो । अष्ट्रेलियामा 'माइग्रेस ल'को पढाइ सकाएपछि सन् २०१० मा शैक्षिक परामर्श क्षेत्रबाट व्यवसायमा हात हाल्नुभएका उहाँले कुनै समय पाँच वटा रेष्टुरेन्ट समेत सञ्चालन गर्नुभएको थियो। उहाँलाई नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले २०७९ सालमा अष्ट्रेलियाका लागि पर्यटन दूतको महत्वपूर्ण जिम्मेवारी दिएको थियो।

गैरआवासीय नेपाली सङ्घ (एनआरएनए)को सचिव समेत रहनुभएका शाह सन् २०२१ मा स्थापना भएको अन्तर्राष्ट्रिय युवा उद्यमी महासङ्घको संस्थापक अध्यक्ष समेत हुनुहुन्छ। महासङ्घको सञ्जाल यतिबेला विश्वका १२ वटा देशमा फैलिएको छ। भविष्यमा ४० देखि ५० देशमा सञ्जाल विस्तार गर्ने र नेपालका लागि केही गरौँ भन्ने युवा उद्यमीहरुलाई अवसर प्रदान गर्ने योजना रहेको उहाँले सुनाउनुभयो। यसै मञ्चमार्फत नेपालका विभिन्न क्षेत्रमा लगानी ल्याउने योजनाअन्तर्गत उहाँको नेतृत्वमा धनगढीमा पाँच तारे होटल निर्माणको प्रक्रिया अगाडि बढेको छ।

विश्वभर फैलिएका नेपाली युवा उद्यमीलाई एकैठाउँमा ल्याइ नेपालमा सामूहिक लगानीको अवसर सृजना गर्ने र 'आइडिया' आदानप्रदान गर्ने उद्देश्यले महासङ्घ गठन गरिएको उहाँको भनाइ छ । महासङ्घले पहिलो अन्तर ाष्ट्रिय सम्मेलन यही नोभेम्बर २९ र ३० मा हङहङमा आयोजना गर्दैछ । जसमा विश्वभर छरिएर रहेका दुई सयभन्दा बढी नेपाली युवा उद्यमीको सहभागिता रहने उहाँले जानकारी दिनुभयो।

शाहको परिचय व्यवसायीका रुपमा मात्रै सीमित छैन, उहाँले केही चलचित्रमा नायकको भूमिमा अभियन समेत गर्नुभएको छ । नेपाली चलचित्र 'फेसबुक'मार्फत कलाकारितामा प्रवेश गर्नुभएका उहाँले त्यसपछि 'मेरो भ्यालेन्टाइन' चलचित्रमा अभिनय गर्नुभयो ।सन् २००६ देखि एनआरएनमा आबद्ध शाह सन् २००९ मा एनआरएनको अष्ट्रेलियाको उपाध्यक्ष भइ छ वर्ष काम गर्नुभयो । सन् २०१७ मा एनआरएन अष्ट्रेलियाको अध्यक्षमा झिनो मतान्तरले पराजित हुनुभयो भने सन् २०२३ मा काठमाडौँमा सम्पन्न एनआरएनएन अधिवेशनबाट वर्तमान कार्यसमितिको सचिवमा निर्वाचित हुनुभएको हो।

## नेपाली क्रिकेटप्रतिको माया

अष्ट्रेलिया केन्द्रित व्यापार व्यवसाय भए पनि शाहले नेपाली क्रिकेटलाई लामो समयदेखि नजिकबाट नियालिरहनुभएको छ । विश्व क्रिकेटमा नेपाली खेलाडीले देखाउँदै आएको खेल कौशल र दर्शकको अपार मायाले उहाँलाई नेपाली क्रिकेटप्रति आकर्षित गरिरहेको छ । उहाँ आफै पनि नेपाली क्रिकेटका ठूला प्रसंशक हुनुहुन्छ । "गत वर्ष श्रीलङ्कामा सम्पन्न एसिया कपमा त्यही पुगेर नेपाली क्रिकेट टोलीलाई हौसला दिनेमा म पनि थिएँ, सम्भव भएसम्म नेपालको खेल प्रत्यक्ष हेरिरहेको हुन्छ, नेपाली खेलाडीको प्रदर्शन पछिल्लो समय निकै प्रसंशायोग्य छ", उहाँले भन्नुभयो।

क्रिकेटप्रतिको यही प्रेमले आफूलाई एनपिएलसम्म डोऱ्याएको उहाँको भनाइ छ । "नेपालको खेल क्षेत्रमा केही गरौँ भन्ने थियो, यसै क्रममा केही समय अघि नेपाल क्रिकेट सङ्घ (क्यान)ले एनपिएलको टिमको बोलकबोल आह्वान गऱ्यो", उहाँले भन्नुभयो, "नेपाली क्रिकेटसँग आबद्ध हुने यो मेरा लागि अवसर बन्यो ।"शाह एनपिएलकै कारण पनि नेपालमा क्रिकेटको पूर्वाधार निर्माण छिटो गर्नुपर्नेआवश्यकताभएकोबताउँछन्। यसप्रकारका प्रतियोगितामा 'होम' र 'अवे' आधारमा खेल सञ्चालन गर्ने चलन हुन्छ । तर हाम्रोमा पूर्वाधार कमीका कारण अहिले काठमाडौँमा मात्रै सञ्चालन हुँदैछ। अबका केही वर्षमा प्रत्येक प्रदेशमा खेल हुनेमा शाह आशावादी हुनुहुन्छ।

" ए न पि ए ल नेपाली क्रिकेट विकासको आधार बन्न सक्छ, चितवन, रुपन्देही, धनगढीलगायतका स्थानमा निर्माणाधीन क्रिकेट मैदान पूरा भएपछि खेलाडीहरुलाई सहज हुनेछ", उहाँले भन्नुभयो, "एनपिएलकै कारण खेलाडी उत्पादन र विकासमा ठूलो सहयोग पुग्नेछ, राम्रा क्रिकेट खेलाडीलाई आर्थिक अभावकै कारण क्रिकेट छाड्ने वा विदेशिने बाध्यता हट्नेछ ।" उहाँ अष्ट्रेलियाको क्विन्सल्याण्डमा पनि सन् २०१९ देखि 'क्विन्सल्याण्ड नेपाली क्रिकेट लिग'मा पनि आबद्ध हुनुहुन्छ । भविष्यमा सुदूरपश्चिम रोयल्सका खेलाडीलाई पनि अष्ट्रेलियामा लैजाने र त्यहाँ पनि अवसर दिने योजना बनाएको उहाँको भनाइ छ।

उहाँले अष्ट्रेलियाका लागि टी-२० विश्वकप जिताउने टोलीका ब्राड हजलाई सुदूरपश्चिम रोयल्सको 'मेन्टर'का रुपमा भित्र्याउनुभएको छ । यसले दुई देशबीचको सम्बन्ध थप विस्तार हुनुका साथै नेपाली खेलाडीलाई पनि अष्ट्रेलियामा खेल्ने अवसर प्रदान हुनसक्ने शाहको भनाइ छ। जगत टमाटा मुख्य प्रशिक्षक रहेको सुदूरपश्चिम रोयल्सको कप्तान दीपेन्द्र सिंह ऐरीले गर्नुहुनेछ। उक्त टोलीलाई स्कटल्याण्डका ब्राण्डन म्याकमुलेन, न्युजिल्याण्डका बलिङ अलराउण्डर स्कट कुगेलेइन, इङ्ल्याण्डका सेफ अली जेब, यूएईका रोहन मुस्ताफाले साथ दिनेछन् ।साथै टोली आरिफ शेख, अभिनाश बोहोरा, बिनोद भण्डारी, अर्जुन कुमाल, खडक बोहोरा, इशान पाण्डे, नरेश बुढाऐर, भोजराज भट्ट, नरेन साउद र अमित श्रेष्ठ छन् ।रासस

# रङ्गशाला निर्माणमा शिवसताक्षीको लोभलाग्दो लगानी

झापा। खेलाडी उत्पादन गर्ने जिल्लाका रुपमा झापा परिचित छ। फुटबल, क्रिक्रेट, भलिबल, कराते, बक्सिङ, जुडो लगायतका खेलमा झापाका खेलाडीको राष्ट्रियस्तरमै दबदबा छ।

क्रिक्रेटकी रुबिना क्षेत्री हुन् या फुटबलका हरि खड्का, झापाले खेलकुदको माध्यमबाट मुलुकको नाम चम्काउन दिएको योगदान अतुलनीय छ । तर जुन स्तरमा खेलाडीले सफलता पाउँदै आएका छन्, त्यसको तुलनामा झापामा खेलकुदको भौतिक पूर्वाधार निर्माणमा भने उल्लेख्य लगानी हुन सकिरहेको छैन।

खेलकुदको विकासका लागि आवश्यक पूर्वाधार निर्माणको टड्कारो आवश्यकता पूरा गर्न शिवसताक्षी नगरपालिकाले पछिल्लो समय स्थानीय रङ्गशाला निर्माणमा देखाएको तदारुकता भने लोभलाग्दो छ ।मध्य झापामा रहेको शिवसताक्षी नगरपालिकाले वडा नं ११ दूधेबजार नजिक २५ हजार दर्शक अट्ने आधुनिक सुविधासम्पन्न रङ्गशालाको निर्माण अन्तिम चरणमा पुऱ्याएको छ । नगरपालिकाले उक्त रङ्गशाला निर्माणमा रु दुई करोडभन्दा बढी बजेट लगानी गरिसकेको छ।



भद्रपुरमा रहेको मेची रङ्गशाला आधा शतक पुरानो जिल्लाको पहिलो रङ्गशाला हो। इतिहास निर्माण गरिसकेको उक्त रङ्गशालालाई पनि प्यारापिट, बत्ती लगायतको पूर्ण सुविधायुक्त अझै बनाउन सकिएको छैन।

जिल्लामा समुदायस्तरमा निर्मित अर्को रङ्गशाला विर्तामोडमा रहेको छ। डोमालाल रङ्गशाला नामले परिचित यो रङ्गशाला स्थापनाकालदेखि नै जग्गा समस्यामा अल्झिएको कारण भौतिक पूर्वाधारमा लगानीको वातावरण बन्न सकेको छैन।

मेचीनगरमा खेलमैदानहरु भए तापनि तिनलाई रङ्गशालाको स्वरुप दिने प्रयास थालिएकै छैन। दमक र कमल पालिकामा दुईवटा प्रस्तावित रङ्गशाला छन् । अन्तर ाष्ट्रियस्तरको बनाउने घोषणा गरिएका दुवै रङ्गशाला राजनीतिक मतभेदका कारणले नाम विवादमा अल्मलिएका छन् ।शिवसताक्षी नगरपालिकाको गठन भएपछि जननिर्वाचित पहिलो जनप्रतिनिधिकालमा नै रङ्गशाला निर्माणको आधारशीला खडा गरिएको थियो।

तत्कालीन प्रदेश नं १ सरकारको समेत सहयोग जुटाएर नगरस्तरीय रङ्गशाला निर्माणका लागि तत्कालीन नगरप्रमुख चन्द्रकुमार शेर्माले मिहेनत गर्नुभएको थियो। उहाँको पालामा रङ्गशालाका लागि रतुवामाई वृक्षारोपण आयोजनासँग जोडिएको आठ बिगाहा जग्गामा रङ्गशालाका लागि घेराबारा बनाउने लगायतका परियोजनासम्बन्धी पूर्वाधारको काम अघि बढाइयो। त्यसबेला प्रदेश र स्थानीय पालिकाले रु एक करोड बजेट रङ्गशालामा विनियोजन गरेका थिए ।नगरमा दोस्रो कार्यकालका लागि नगरप्रमुख मेगाहाङ थोप्राको नेतृत्वमा जनप्रतिनिधि निर्वाचित भएपछि अधुरो रङ्गशालालाई पूर्णता प्रदान गर्नका लागि प्राथमिकताका साथ काम अघि बढाइएको छ।

गत आर्थिक वर्ष २०८०/८१ मा मैदान, चेन्जिङ रुम र मञ्च निर्माणमा नगरपालिकाले रु एक करोड १० लाख बजेट विनियोजन गरेको थियो। यसपालि आव २०८१/८२ का लागि पालिकाले रङ्गशालाको अधुरा काम सम्पन्न गर्न रु ५० लाख बजेट छुट्याएको नगरप्रमुख मेगाहाङ थोप्राले बताउनुभयो।

"जिल्लामा रङ्गशालाको आवश्यकता महसुस भइरहेको अवस्थामा हामीले सबैभन्दा ठूलो र सुविधासम्पन्न रङ्गशाला निर्माणमा बजेट केन्द्रित गरेका हौँ," उहाँले भन्नुभयो, "खेलकुदप्रेमीको भावना र आवश्यकतालाई ध्यानमा दिएर थालिएको सपना जस्तै रङ्गशालाको निर्माण अब सम्पन्न हुने चरणमा पुगिसकेको छ।"

रङ्गशालाको वरिपरि पक्की घेराबेरा पहिल्यै निर्माण भइसकेको थियो । पानी निकासका लागि ड्रेन पनि बनिसकेको छ। एकातर्फको प्यारापिट निर्माण पहिल्यै भइसकेको थियो भने अर्कातिरको प्यारापिट निर्माण चालू आवमै सम्पन्न भइसक्ने नगरपालिकाले जनाएको छ। चालु आवमै विद्युत्, खानेपानी, शौचालय लगायतका अरू पूर्वाधार निर्माण हुनेगरी पर्याप्त बजेट विनियोजन भएको छ।

खेलमैदानमा बाहिरबाट ल्याइएको मुलायम झार हुर्काइएको छ । यसै वर्ष मञ्च र प्यारापिट बनिसकेपछि रङ्गशालामा पहिलो गोल्डकप फुटबल प्रतियोगिता सञ्चालन गरिने उहाँले बताउनुभयो।

शिवसताक्षी नगरपालिकाले रङ्गशाला निर्माणमा गरेको लगानीबाट स्थानीय खेलप्रेमी हर्षित छन्। शिवसताक्षीले नगरको गौरवको आयोजनाका रुपमा रङ्गशालामा गरिरहेको लगानी अरू पालिकाका लागि अनुकरणीय रहेको स्थानीय सरोज भट्टराई बताउनुहुन्छ।

"धार्मिक र पर्यटकीय स्थलका कारण परिचित यस नगरलाई अब खेल पर्यटनका दृष्टिले चिनाउन सकिने अवस्था निर्माण हुँदै गएकामा नगरवासी खुसी छन्," भट्टराई भन्नुहुन्छ, "सडकमा गिट्टी, बालुवा भर्नु र गाउँमा बिजुलीका खम्बा पुऱ्याउनु मात्र विकास होइन।

खेलकुदमा भएको लगानीले नगरका युवाशक्तिलाई मानसिक र शारीरिक रुपमा स्वस्थ, अनुशासित र लगनशील बनाउन अवश्य नै सहयोग पुग्नेछ।"रासस

# भारतीय अस्पतालमा आगलागी हुँदा दश जना नवजात शिशुको मृत्यु



एएफपी

नयाँदिल्ली । भारतीय अस्पतालमा आगलागी हुँदा दश जना नवजात शिशुको मृत्यु हुनुका साथै अन्य १६ शिशुको अवस्था गम्भीर रहेको अधिकारीहरूले शनिबार बताएका छन्।

अधिकारीका अनुसार शुक्रबार राति करिब १०:३० बजे झाँसीको महारानी लक्ष्मीबाई मेडिकल कलेजको एनआईसियुमा आगलागी भएको थियो।

घटनास्थलको फुटेजमा वार्डभित्र जलेको विस्तरा तथा पर्खालहरू देखिएका थिए भने आक्रोशित परिवारहरू अस्पताल बाहिर पर्खिरहेका थिए। यसै गरी आगलागीबाट उद्धार गरिएका बच्चाहरूलाई सुरक्षित ठाउँमा राखिएको थियो ।आगलागीको घटनामा दश जना शिशुको दुखद मृत्यु भएको उत्तर प्रदेशका उप मुख्यमन्त्री ब्रजेश पाठकले पत्रकारहरूलाई बताउनु भएको छ। उहाँका अनुसार सातवटा शवको पहिचान भइसकेको छ भने तिन वटा शवको अहिलेसम्म पहिचान हुन सकेको छैन । आगलागीको कारणबारे अनुसन्धान गरि जिम्मेवारहरू विरुद्ध कडा कारबाही गरिने पाठकले जनाउनु भएको छ।

प्रमुख जिल्ला अधिकारी अविनाश कुमारले युनिटमा विद्युतीय सर्टसर्किटका कारण आगलागी भएको बताउनु भएको छ । गम्भीर घाइतेहरूलाई चिकित्सा सेवा प्रदान गरिरहेको प्रमुख जिल्ला अधिकारी अविनाश कुमारलाई उदृत गरी हिन्दुस्तान टाइम्सले जनाएको छ । स्थानीय सञ्चार माध्यमले अधिकारीहरूलाई उद्धृत गर्दै वातावरणमा अक्सिजनको स्तर बढाउन प्रयोग गरिने मेसिनरीको टुक्रामा आगलागी भएको जनाएका छन्।

प्रधानमन्त्री नरेन्द्र मोदीले सामाजिक सञ्जाल एक्स मार्फत बालबालिकाको मृत्युलाई 'हृदयविदारक' घटना भन्दै निर्दोष सन्तान गुमाउनेहरूप्रति समवेदना व्यक्त गर्नु भएको छ। उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले शोकाकुल परिवारलाई पाँच लाख रुपैयाँ क्षतिपूर्ति दिने घोषणा गर्दै सम्बन्धित अधिकारीहरूलाई राहत र उद्धार कार्य गर्न निर्देशन दिनु भएको छ।

## गण्डकी प्रदेस महोत्सव :

# जातीय परम्परागत घर अवलोककर्ताको रोजाइमा

नवलपुर । नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को गैँडकोट-२ स्थित नारायणी नदीकिनारमा सञ्चालन भइरहेको दोस्रो संस्करणको गण्डकी प्रदेस महोत्सव-२०८१ मा जातीय संस्कृति संरक्षणको प्रयास गरिएको छ। महोत्सवमा नवलपुरमा रहेका विभिन्न आदिवासी जनजातिहरुको मौलिक संस्कृति संरक्षण गर्न उनीहरुको परम्परागत घर नै बनाएर महोत्सव पुग्नेलाई सांस्कृतिक बोध गराइएको छ।

महोत्सवमा थारु, मगर, गुरुङ, तामाङ र चेपाङ जातिको घर निर्माण गरी उनीहरुले प्रयोग गर्ने परम्परागत घरायसी उपकरण प्रदर्शनीसँगै मौलिक खाना प्रदर्शनी गरिएको छ।

गत कात्तिक २६ गतेदेखि सञ्चालन भइरहेको महोत्सवमा चेपाङ जातिको सांस्कृतिक घरसँगै उनीहरुको पोसाक, उनीहरुको खाद्यान्न बनतरुल, गिठा, भ्याकुर, पिँडालु र स्याखु राखिएको छ। त्यस्तै, मगर जातिको सांस्कृतिक घरमा उनीहरुले प्रयोग गर्ने औजारहरु न्हाङ्ली (नाङ्लो), पिराँखु (पेरुङ्गो), खुर्पा ट्याक, खँचरी, मुजुरा, जाँतो, ओदान, ढिकी राखिएको छ। त्यसैगरी, मगर जातिको पर्वहरुमा खाइने मासको बटुक त्यहीँ पकाउँदै आगन्तुकहरुको स्वागत गर्ने गरिएको नेपाल मगर सङ्घ गैँडाकोट नगर अध्यक्ष मस्राङ्गी मगरले बताउनुभयो।

महोत्सवको सांस्कृतिक समितिका संयोजकसमेत रहनुभएका मगरले जनजातिहरुको संस्कृति लोप हुँदै गएकाले नयाँ पुस्तालाई यसबारे बुझाउन तथा संरक्षणका लागि स्थानीय सरकारलाई ध्यानाकर्षण गराउन महोत्सवमा सांस्कृतिक घरहरु राखिएको बताउनुभयो। जातीय सांस्कृतिक घरसँगै ती जातिहरुले प्रयोग गर्ने परम्परागत सामग्री उपलब्ध भएसम्म राखिएको उहाँको भनाइ छ। "नयाँ पुस्ताले चासो नदिँदा आदिवासी जानजातिहरुको संस्कृति हराउँदै गइरहेको छ" उहाँले भन्नुभयो, "हाम्रो प्रयासले नयाँ पुस्तालाई संरक्षणप्रति जागरण आउनसक्छ भने अन्य समुदायका व्यक्तिहरुलाई हाम्रो संस्कृति बुझ्न सहज हुन्छ।"

नेपाल उद्योग वाणिज्य महासङ्घ गण्डकी प्रदेशका अध्यक्ष एवम् महोत्सव मूल समिति संयोजक अमृत भट्टचनले आफूहरु आर्थिक उपार्जनसँगै संस्कृति संरक्षणप्रति पनि सचेत रहेको बताउनुभयो। "जाजातिहरुको सांस्कृतिक



घरमा अवलोकनसँगै उनीहरुको संस्कृतिबारे र प्रयोग गर्ने सामग्रीको बारेमा समेत जानकारी लिन पाइन्छ" उहाँले भन्नुभयो, "जातीय खानाहरुसमेत सांस्कृतिक घरमा राखिएकाले फरक फरक संस्कृति एकैठाउँमा बुझ्न पाउने वातावरणसमेत बनेको छ।" सांस्कृतिक घरमा ती जातिले खाने परम्परागत खाद्यान्नहरु प्रदर्शन तथा बिक्रीका लागि समेत राखिएको उहाँले जानकारी दिनुभयो।

"थारुको सांस्कृतिक घरमा घोँडी, चिचर, हाँसका परिकार, ढिकर (चामलको पिठोलाई पानीको वाफमा उसिनेर पकाइने एकप्रकारको रोटी) प्रदर्शनी तथा बिक्रीका लागि राखिएको छ" अध्यक्ष भट्टचनले भन्नुभयो, "त्यहाँ उनीहरुले माछा मार्न प्रयोग गर्ने ढडीया, जाल, ढिकी, जाँतो, हलो, जुवा, नारा लगायतका परम्परागत औजारहरु समेत राखिएका छन्।" पाँच वटै जातिका घरमा उनीहरुले प्रयोग गर्ने परम्परागत तर, लोपोन्मुख सामग्रीहरु प्रदर्शन गरिइएको छ।

अध्यक्ष भट्टचनले जातजातिहरुको मौलिक संस्कृति लोप हुने अवस्थामा पुगेका कारण यसको संरक्षणका लागि महोत्सवमा सांस्कृतिक घरहरु निर्माण गरिएको बताउनुभयो। "परम्परागत बस्ती र संस्कृतिबारे अहिलेका पुस्तालाई जानकारी नै छैन" उहाँले भन्नुभयो, "उनीहरुलाई हाम्रो जातजातिको सांस्कृतिक कुराहरुसहित भेषभूषा, रहनसहनबारे जानकारी गराउने उद्देश्यले लोपोन्मुख जातिलाई समेटर यस्तो घर निर्माण गरिएको हो।" मेला महोत्सवमा सांस्कृतिक घर निर्माण गरिँदा सबै समुदायलाई जातजातिको संस्कृति बारे जानकार र सचेत गराउन तथा संस्कृति पुस्ता हस्तान्तरणको लागि समेत महत्वपूर्ण हुने भट्टचनले बताउनुभयो।

महोत्सवको सांस्कृतिक समिति संयोजक मगरले नेपालको तराईदेखि पहाड र हिमाली क्षेत्रमा बसोबास गर्ने समुदायलाई समेटेर महोत्सवमा सांस्कृतिक घर निर्माण गरिएको बताउनुभयो। पहाडका गुरुङ, मगर तामाङ, भावर क्षेत्रका चेपाङ तथा तराईका थारु समुदायका कला, संस्कृति र उनीहरुको रहनसहन झल्किने सांस्कृतिक घरले इतिहासलाई जीवन्त राख्नुका साथै महोत्सवमा आकर्षण समेत बढाएको मगरले बताउनुभयो। अहिलेका युवा पुस्ताले सुन्ने गरेको तर पहिले प्रयोगमा आउने गिठा, भ्याकुरको स्वाद लिन र संस्कृतिबारे प्रत्यक्ष अवलोकन गरेर बुझ्नका लागि सांस्कृतिक घरमा दर्शकहरु आउने गरेको उहाँले बताउनुभयो।

आदीवासी जनजाति महासङ्घ गैँडाकोटका पूर्वनगर अध्यक्ष ललितबहादुर गुरुङले जनजातिको मात्रै नभएर क्षेत्री, ब्राह्मण समुदायका सांस्कृतिक घरहरु समेत मेला महोत्सवमा राख्नुपर्ने बताउनुभयो। "क्षेत्री, ब्राह्मण समुदायको समेत आफ्नै खालको कला र संस्कृति हुन्छ, ती लोप हुने अवस्थामा पुगेका छन्।" आफ्नो कला र संस्कृति सबैलाई प्यारो हुने उल्लेख गर्दै मेला महोत्सवमा राखिने सांस्कृतिक पहिचानले एकअर्काको संस्कृति बुझ्न तथा नेपालीहरुको बीचमा भाइचाराको सम्बन्ध प्रगाढ बनाउन अझ मद्दत पुग्ने पूर्व अध्यक्ष गुरुङको भनाइ छ।

अन्यत्रबाट आएर नवलपुरमा बसोबास गर्दै आएका जातजतिको पहिचान र उनीहरुको मौलिकताका लागि सांस्कृतिक घर निर्माणमा पहल गरेको उहाँले बताउनुभयो। आफूहरुको संस्कृति लोप हुने अवस्थामा पुगेका कारण हरेक दर्शकले देखुन् र जान्न पाउन् भन्नकै लागि महोत्सवमा सांस्कृतिक घरसँगै उनीहरुको रहनसहन झल्किने परम्परागत औजार तथा खाद्यान्नहरु राखिएको गुरुङको भनाइ छ। यस महोत्सवमा प्रवेश गर्ने जो कोहीको आँखा प्रवेशद्वारसँगै रहेको सांस्कृतिक घरमा गएर ठोक्किने गरी सुरुमै निर्माण गरिएकाले पनि चासोका साथ यसलाई लिइएको छ।

निकै कलात्मक तरिकाले निर्माण गरिएका घरहरुको छानो खरले छाएका छन्। बाँसले बेरिएको घरमा माटोले लिपपोत गरेर भित्तामा जातीय संस्कृति झल्किने विभिन्न कला र आकृति कोरिएको देख्न पाइन्छ। महोत्सवमा सांस्कृतिक घर निर्माणका लागि तिनै जातिका कालीगढहरु प्रयोग गरिएको थियो।

चितवनको भरतपुरमा महोत्सव हेर्न आउनुभएको युवा रामप्रसाद खनालले महोत्सवमा रहेका सांस्कृतिक घरले जनजातिको कला र संस्कृतिबारे नजिकबाट बुझ्न आफूलाई मद्दत गरेको बताउनुभयो। "भावर क्षेत्रमा बसोबास गर्ने चेपाङको बारेमा धेरै सुनेको थिएँ, उनीहरुले खाने कन्दमुलको बारेमा सुनेको थिएँ, तर देख्न पाएको थिइनँ" खनालले भन्नुभयो, "गण्डकी प्रदेश महोत्सवमा आएर चेपाङसहित अन्य जातिको जातीय पहिचानको बारेमा प्रत्यक्षरुपमा देख्न र बुझ्न पाएँ।" महोत्सवमा उहाँले जनजातिको परम्परागत घरसँगै उनीहरुको मौलिकता झल्किने खाना तथा संस्कृति राखिनु संस्कृति संरक्षणको राम्रो प्रयास भएको बताउनुभयो।

कास्कीको पोखराबाट यस महोत्सवमा पुग्नुभएकी सुजाता कुँवरले जीवनमा कहिल्यै अनुभव नगरेको ढिकर, घोँडी देख्न र चाख्न पाउँदा रमाइलो लागेको बताउनुभयो। "हाम्रो मौलिकता झल्किने सामग्रीहरुले हाम्रो इतिहास, कला र संस्कृतिबारे बुझ्न त मद्दत गरेकै हुन्छ" उहाँले भन्नुभयो, "त्यसका साथ साथै आन्तरिक र बाह्य पर्यटन प्रवर्द्धनका सँगै संस्कृति संरक्षणमा समेत महत्वपूर्ण टेवा पुर्‍याएको हुन्छ।" संस्कृति बुझ्न र उनीहरुले प्रयोग गर्ने परिकार पकाएको र पकाउने तरिकाबारे बुझ्दा खानाका पारखीहरुका लागि फाइदा पुग्ने उहाँको भनाइ छ।रासस

# यस्तो छ विदेशी मुद्राको विनिमय दर



काठमाण्डु । नेपाल राष्ट्र बैङ्कले शनिबारका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ।

राष्ट्र बैङ्कका अनुसार अमेरिकी डलर एकको खरिददर एक सय ३४ रुपैयाँ ७४ पैसा र बिक्रीदर एक सय ३५ रुपैयाँ ३४ पैसा कायम भएको छ।

युरोपियन युरो एकको खरिददर एक सय ४२ रुपैयाँ ५१ पैसा र बिक्रीदर एक सय ४३ रुपैयाँ १५ पैसा, युके पाउन्ड स्ट्रलिङ एकको खरिददर एक सय ७० रुपैयाँ ८७ र बिक्रीदर एक सय ७१ रुपैयाँ ६३ पैसा, स्विस फ्याङ्क एकको खरिददर एक सय ५१ रुपैयाँ ८४ पैसा र बिक्रीदर एक सय ५२ रुपैयाँ ५१ पैसा कायम गरिएको छ।

अष्ट्रेलियन डलर एकको खरिददर ८७ रुपैयाँ २५ पैसा र बिक्रीदर ८७ रुपैयाँ ६४ पैसा, क्यानेडियन डलर एकको खरिददर ९५ रुपैयाँ ९९ पैसा र बिक्रीदर ९६ रुपैयाँ ४२ पैसा, सिङ्गापुर डलर एकको खरिददर एक सय एक एक रुपैयाँ ५१ पैसा र बिक्रीदर एक सय एक रुपैयाँ ९५ पैसा निर्धारण गरिएको छ। जापानी येन १० को खरिददर आठ रुपैयाँ ६७ पैसा र बिक्रीदर आठ रुपैयाँ ७१ पैसा, चिनियाँ युआन एकको खरिददर १८ रुपैयाँ ६४ पैसा र बिक्रीदर १८ रुपैयाँ ७२ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३५ रुपैयाँ ८८ पैसा र बिक्रीदर ३६ रुपैयाँ ४ पैसा, कतारी रियाल एकको खरिददर ३६ रुपैयाँ ९६ पैसा र बिक्रीदर ३७ रुपैयाँ १३ पैसा कायम भएको छ।

केन्द्रीय बैङ्कका अनुसार थाई भाट एकको खरिददर तीन रुपैयाँ ८७ पैसा र बिक्रीदर तीन रुपैयाँ ८८ पैसा, युएई दिराम एकको खरिददर ३६ रुपैयाँ ६८ पैसा र बिक्रीदर ३६ रुपैयाँ ८५ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३० रुपैयाँ १४ पैसा र बिक्रीदर ३० रुपैयाँ २७ पैसा, साउथ कोरियन वन एक सयको खरिददर नौ रुपैयाँ ६६ पैसा र बिक्रीदर नौ रुपैयाँ ७० पैसा, स्विडिस क्रोनर एकको खरिददर १२ रुपैयाँ ३० पैसा र बिक्रीदर १२ रुपैयाँ ३५ पैसा र डेनिस क्रोनर एकको खरिददर १९ रुपैयाँ ११ पैसा र बिक्रीदर १९ रुपैयाँ १९ पैसा तोकिएको छ।

राष्ट्र बैङ्कले हङकङ डलर एकको खरिददर १७ रुपैयाँ ३१ पैसा र बिक्रीदर १७ रुपैयाँ ३९ पैसा, कुवेती दिनार एकको खरिददर चार सय ३८ रुपैयाँ २४ पैसा र बिक्रीदर चार सय ४० रुपैयाँ १९ पैसा, बहराइन दिनार एकको खरिददर तीन सय ५७ रुपैयाँ ४७ पैसा र बिक्रीदर तीन सय ५९ रुपैयाँ ०६ पैसा तथा भारतीय रुपैयाँ एक सयको खरिददर एक सय ६० रुपैयाँ र बिक्रीदर एक सय ६० रुपैयाँ १५ पैसा तोकेको छ। राष्ट्र बैंकले यो विनिमय दरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ।

वाणिज्य बैङ्कले तोक्ने विनिमय दर भने फरक हुनसक्ने र अद्यावधिक विनिमय दर केन्द्रीय बैङ्कको वेबसाइटमा उपलब्ध हुने जनाइएको छ।रासस

# मकवानपुरका ४५ हजार जना स्वास्थ्य बिमामा आबद्ध




बागमती । सरकारले सञ्चालन गरेको स्वास्थ्य बिमा कार्यक्रममा मकवानपुरका ४४ हजार नौ सय ६१ जना आबद्ध भएका छन्। गत २०७४ भदौ १ गतेदेखि स्वास्थ्य बिमा कार्यक्रम लागू भएयता हालसम्म मकवानपुरको ८६ हजार दुई सय ७९ घरमध्ये ४४ हजार नौ सय ६१ बिमामा आबद्ध भएको स्वास्थ्य बिमा बोर्ड हेटौँडा मकवानपुरका प्रमुख नरबहादुर खड्काले जानकारी दिनुभयो ।उहाँका अनुसार सबैभन्दाबढीमकवानपुरकोमनहरी गाउँपालिकामा ८० प्रतिशतले स्वास्थ्य बिमा गराएका छन् भने सबैभन्दा कम बागमती गाउँपालिकामा १२ प्रतिशत घरले मात्र स्वास्थ्य बिमा गराएका छन्।

मनहरी गाउँपालिकामा सात हजार एक सय ३१, हेटौँडा उपमहानगरपालिकामा २४ हजार आठ सय ३४, मकवानपुरगढी गाउँपालिकामा दुई हजार तीन सय ६६, थाहा नगरपालिकामा तीन हजार एक सय २५, भीमफेदी गाउँपालिकामा एक हजार छ सय ४२, कैलाश गाउँपालिकामा एक हजार चार सय ४९, बकैया गाउँपालिकामा दुई हजार ५६, इन्द्रसरोवर गाउँपालिकामा सात सय १५, राक्सिराङ गाउँपालिकामा नौ सय ५३ र बागमती गाउँपालिकामा छ सय ८३ को स्वास्थ्य बिमा भएको प्रमुख खड्काले बताउनुभयो।

कार्यालयमा बिमा दर्ताका लागि थप आवेदनहरु आइसकेको र ती सबै आवेदन दर्ताको तयारी भइरहेको प्रमुख खड्काले बताउनुभयो।

मकवानपुरमा स्वास्थ्य बिमा कार्यक्रम लागू भएपछि स्वास्थ्य बिमा बोर्डले जिल्लाको सम्पूर्ण स्थानीय तहका वडामा सहजकर्तामार्फत प्रचारप्रसारसँगै बीमितहरुको नाम दर्ताको कार्य गर्दै आएको छ।

स्वास्थ्य बिमा कार्यक्रममा आबद्ध भएकाहरुलाई जिल्लाको आठ वटा स्वास्थ्य संस्थाबाट स्वास्थ्य सेवा लिने गरेका छन्। प्रमुख खड्काका अनुसार स्वास्थ्य बिमामा जोडिएकाहरुलाई मकवानपुरको हेटौँडा अस्पताल, मनहरी आधारभूत अस्पताल, हेटौँडा सामुदायिक आँखा अस्पताल, पालुङ प्राथमिक स्वास्थ्य केन्द्र, भीमफेदी प्राथमिक स्वास्थ्य केन्द्र, बकैया आधारभूत अस्पताल, राक्सिराङ आधारभूत र सिएम सि चुरेहिल अस्पताल प्राली हेटौँडाले स्वास्थ्य सेवा प्रदान गर्दै आएका छन्।

प्रत्येक वडामा एक/एक जना सहजकर्ता परिचालन गरी बिमाको महत्व, यसको प्रक्रिया र बिमा कार्यक्रमबाट प्राप्त हुने सुविधाहरुका बारेमा प्रचारप्रसार गर्नुका साथै बिमा गराउनेहरुको नाम दर्ताको कार्य भइरहेको प्रमुख खड्काले बताउनुभयो।

सहजकर्तामार्फत दर्ता भएको बीमितहरुको नामलाई प्रत्येक तीन/तीन महिनामा कम्प्युटरमा दर्ता गर्ने गरिएको र अहिले नाम दर्ता हुने बीमितहरुले बिमा सेवा पाउने गरेको उहाँको भनाइ छ। पाँच जनाको परिवारले वार्षिक रुपमा प्रतिपरिवारले रु तीन हजार पाँच सयको प्रिमियम तिरे स्वास्थ्य उपचारबापत वार्षिक रु एक लाखसम्मको स्वास्थ्य बिमा पाइने व्यवस्था छ।

पाँच जनाभन्दा बढी सदस्य भएमा प्रति थप सदस्यले वार्षिक रु सात सयका दरले थप प्रिमियम तिर्नुपर्ने र सुविधा थैलीमा रु २० हजार थपिने जनाएको छ।रासस

> कार्यालयमा बिमा दर्ताका लागि थप आवेदनहरु आइसकेको र ती सबै आवेदन दर्ताको तयारी भइरहेको प्रमुख खड्काले बताउनुभयो।

# महाभारतकालीन मेडरी नाच संरक्षणमा जुटे थारु समुदाय

मध्यविन्दु । नवलपरासी (बर्दघाट सुस्तापूर्व)का थारु समुदाय महाभारतकालीन मेडरी नाचको संरक्षणमा जुटेका छन्। सो समुदायले परम्परागत रुपमा प्रदर्शनी गर्दै आएको मेडरी नाचप्रति युवा पुस्ताको चासो कम हुँदै जान थालेपछि पाका पुस्ताले नाच संरक्षणका लागि कला हस्तान्तरण गर्ने अभियान सञ्चालन गरेका हुन्।

मध्यविन्दु नगरपालिका-३ का दुलामणि गुरौले अहिले मेडारी नाच समूहको नेतृत्व गर्दै आउनुभएको छ। सत्तरी वर्षीय गुरौ यो नाचको संरक्षणका लागि नयाँ पुस्तालाई आफ्नो कला सिकाउँदै आउनुभएको छ। पाको पुस्ताकाले मात्र मेडरी नाचको जगेर्ना गर्न सम्भव नभएकाले युवालाई पनि सिकाउने पहल गरिरहेको उहाँले बताउनुभयो। "मेडरी नाच्न धेरै जना हुनुपर्छ अहिले धेरै हामी ७० वर्ष पार गरेका पाकापुस्ता छौँ इच्छा देखाउने युवालाई पनि सिकाउँदै नाचमा जोडिरहेका छौँ", उहाँले भन्नुभयो, "युवा पुस्तालाई यो नाचको महत्व बुझाउँदै सिक्न प्रेरित गरिरहेका छौँ।"



हरेक वर्ष हरिबोधिनी एकादशीका दिन मध्यविन्दु-३ लेडाहादेखि कावासोती नगरपालिका १५ गुन्द्रहीसम्म धार्मिक विधि अनुसार नाच्दै जाने गरिएको छ। महाभारतमा आधारित मेडरी नाच थारु समुदायको ऐतिहासिक नाचमध्यको एक रहेको मेडरी नाच नचनिया गुरौले बताउनुभयो। "मेडरी नाचमा कम्तीमा एक सय र बढीमा एक सय ५० नचनियाहरू गोलाकार रूपमा नाच्ने गरिन्छ", उहाँले भन्नुभयो, "यो नाच कृष्ण लीलामा आधारित भवरा, महाभारतमा आधारित र रामलीलामा आधारित सीताहरण गरी तीन प्रकारको हुन्छ, महाभारतको लडाइँमा पाँचपाण्डवहरूले प्रयोग गरेका सामानहरू लिएर समूहमा गोलाकार भएर नाचिन्छ।"

थारु समुदायका अन्य नाच युवापुस्ताले जगेर्ना गर्दै आएको भए पनि मेडरी नाचप्रति भने उनीहरूले चासो नदिएको स्थानीय गेनाराम महतोले बताउनुभयो। "दैवी शक्तिमा आधारित मेडरी नाच विशेषगरी दसैँ, तिहारलगायत पर्वमा नचाइने गरिन्छ, अन्य शुभकार्यमा पनि यो नाच नाच्ने गरिन्छ", उहाँले भन्नुभयो, "पितृ औँसीमा पितृ विसर्जन गरेपछि सुरु हुने यो नाच प्रत्येक वर्ष हरिबोधिनी एकादशीसम्म नचाइने गरिन्छ।"

महाभारतको लडाईंमा अर्जुनको रथको ध्वजाका रूपमा बिचमा ध्वजापताकासहितको ठूलो बासको लिङ्गो लिएर घुम्ने गरिन्छ भने मेडरी नाच्दा मादल, झ्याली, तरबारको प्रयोग हुन्छ। यस नाचप्रति केही युवाले चासो देखाएर सिक्न थालेको हुमबहादुर थनेतले बताउनुभयो। रासस


## मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान

### जनकपुरधाम, धनुषा

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मितिः २०८१।०८।०२

यस प्रतिष्ठानको आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम अनुसार यस प्रतिष्ठानको तपसिलका ठेक्काको लागि पेश भएका बोलपत्रमध्ये तपसिल वमोजिमका बोलपत्र न्युनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही ठहरिई उक्त बोलपत्रपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ उक्त बोलपत्रको कार्यमा सहभागी सबै बोलपत्रदाता निर्माण कम्पनीहरुका लागि ७ सात दिनको आशयको सूचना प्रकाशित गएिको छ।

| क्र.स. | प्रकाशन मिति | ठेक्का नं. | छनोट भएको दरभाउपत्रदाताको नाम | सबैभन्दा कम कबोल अंक (VAT सहित) | कार्यसम्पादन जमानत (Performance Guarantee) |
|---|---|---|---|---|---|
| 1. | 06/10/2024 | MIHS/NCB/Works/2081-82/01, OPD Bhawan ko Chhat mathi Simulation Lab Nirman | Subodh Nirman Sewa, Hathiyol -5 | 38,60,176.52 | 1,70,000 |

(मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान)

# गढीमाई मेला सुरु

टुडे समाचारदाता



पर्सा । पञ्चवर्षीय गढीमाई मेला शनिबारदेखि विधिवत् रूपमा प्रारम्भ भएको छ । प्रत्येक पाँच वर्षमा लागने गढीमाई मेला यसपटक असोज १७ गते घटस्थापनादेखि विशेष पूजा गरी शुभारम्भ भए पनि विधिवत् रूपमा मंसिर १ गतेदेखि विशेष पूजाको आयोजना गरी मंसिर २३ गते पशुवली दिएपछि समाप्त हुने छ ।

एसियामा मात्र नभई विश्वमा पशुवलीका लागी प्रख्यात रहेको गढीमाई मेला सन्दर्भमा नरवलीको रूपमा मुख्य तान्त्रिकले आफ्नो मानव शरीरको पाँच स्थानबाट रगत निकालेर चढाउने परम्परा पूरा भएपछि मात्र पशुवली दिने गरिएको छ ।

मन्दिरमा मूल पुजारीले तान्त्रिक विधिद्वारा सेतो मुसा परेवा हाँस सुङ्गुर र राँगाको वली दिए पछि सर्वसाधारणले वली दिने परम्परा रहेको छ । परम्परा र मान्यता अनुसार हिन्दु धर्म, संस्कृतिमा पशुवलीलाई शक्तिसँग जोडिएर हेर्दै आएको मूल पुजारी मङ्गल चौधरीको भनाइ छ ।

परापूर्वकालदेखि रौतहटको गुजर नगरपालिका सिमरी गाउँका लोकतान्त्रिक दुखन धामी कछडियाले मुलपुजारी चौधरीसँग मिलेर गढीमाईको विशेष पूजा आराधना गरेर धामीले आफ्नो शरीरको पाचँ स्थानबाट निकालेर नरबली स्वरूप रगत चढाउँदै आएका थिए । मूल तान्त्रिक धामीको मृत्यु भएपछि मान्यता अनुसार यस पटक उनको जेठो छोरा उंमाशङ्करले आफ्नो बुवाको परम्परालाई निरन्तरता दिँदै आफ्नो शरीरको पाँच भागको रगत गढीमाईलाई चढाउने भएका छन् ।

त्यसअघि रातभरी मन्दीरमा पूजा आराधना भएपछि पूजा आराधनाको प्रभावले ब्रह्मस्थानमा रहेको बत्ती आफैँ बल्छ, बत्ती बलेपछि मात्र पञ्चबली दिने गरिन्छ । मंसिर २३ गते तान्त्रिक विधिबाट दीप प्रज्ज्वलन गरी गढीमाई मन्दिरको पूर्वपट्टी रहेको ब्रम्हबाबाको मन्दिरमा पञ्चवली दिएपछि पशुवली सुरु हुने गरेको मूल पुजारी चौधरीले बताए ।

गढीमाईको सीमा नाका भनिएको पसहा खोला पार गरेपछि जुनसुकै ठाउँमा सानो बलीको रूपमा बोका, कुखुरा, हाँस, परेवाको बली दिने चलन रहेको छ ।अहिले हजारौँको संख्यामा बली चढाइने राँगा भैँसी पाडा र सुगरका लागि छुट्टै सुरक्षित र व्यवस्थित वधशालाको निर्माण गरिएको छ ।

महागढीमाई नगरपालिकाका नगर प्रमुख उपेन्द्र यादवले मेलालाई व्यवस्थित र सुरक्षित गर्न तथा भक्तजनहरूको सुविधाका लागि आवास तथा शौचालयको पर्याप्त व्यवस्था मिलाइएको र विभिन्न उपसमिति गठन गरी तदारुकताका साथ काम भइरहेको जानकारी दिए ।

# देश कंगाल, नेता मालामाल बन्दै गएको छ : आजपा अध्यक्ष साह

**आम जनता पार्टी (आजपा) ले मधेश प्रदेशको सप्तरी सदरमुकाम राजविराजबाट शनिबारदेखि "भ्रष्टाचार विरुद्धको मधेश यात्रा" अभियान सुरु गरेको छ । सो अवसरमा आजपा अध्यक्ष प्रभु साहले सरकार कुम्भकर्ण जस्तै सुतिरहेकाले आमजनताको समस्या बारे जानकारी र खबरदारी गर्न विशेष अभियान स्वरुप मधेशमा "भ्रष्टाचार विरुद्धको मधेश यात्रा" अभियान थालिएको बताए ।**

टुडे समाचारदाता




राजविराज । आम जनता पार्टी (आजपा) ले मधेश प्रदेशको सप्तरी सदरमुकाम राजविराजबाट शनिबारदेखि "भ्रष्टाचार विरुद्धको मधेश यात्रा" अभियान सुरु गरेको छ । सो अवसरमा आजपा अध्यक्ष प्रभु साहले सरकार कुम्भकर्ण जस्तै सुतिरहेकाले आमजनताको समस्या बारे जानकारी र खबरदारी गर्न विशेष अभियान स्वरुप मधेशमा "भ्रष्टाचार विरुद्धको मधेश यात्रा" अभियान थालिएको बताए । शनिबार नै संघीय राजधानी काठमाण्डुमा सरकारको मनपरी कर आंतकविरुद्ध पार्टीद्वारा प्रदर्शन भइरहेको उनले जानकारी दिए ।

"मुलुकमा भ्रष्टाचार, कुशासन, महँगी, अनियमितता बढ्दे गइरहेको छ, उनले भने, यही बेला सोझासाझा जनतामाथि अनावश्यक र थेग्ने नै नसक्ने गरी कर माथि कर थुपार्दै सरकारले राज्यको ढुकुटी लुटिरहेको छ ।"आजपाले भ्रष्टाचार, अनियमितता, कुशासन, मनपरी कर, महँगी, बेरोजगारी, वैदेशिक रोजगारी ठगी, भन्सारमा मनोमानी कर लगायतको विषयमा खबरदारी गर्न सो अभियान थालेको उनले प्रष्ट गरे ।

उनले छिमेकी राष्ट्रमा पाइने सामान भन्दा चार गुणा महँगो सामान नेपाली जनताले किन्नु परिरहेको बताउँदै अत्यधिक करको अनुपातमा विकास भने नगन्य भएको टिप्पणी गरे । जनतामाथि करको भार लादेर महँगी चरम रुपमा बढेको, नेताहरु मोटाउँदै गएको र देश कंगाल अवस्थामा पुग्न लागेको उनले बताए । सबैभन्दा बढी राजश्व बुझाउने मधेश प्रदेशलाई केन्द्रबाट दिइने बजेट पनि अति न्यून मात्रामा दिएर विभेद गरिएको उनको भनाई थियो । भ्रष्टाचार बिरुद्धका कार्यक्रम लिएर जनता समक्ष जाँदा पनि आफूलाई चेकजाचको बहानामा सिरहाको लहानमा प्रहरीले घण्टौं रोकेर अनावश्यक दुःख दिएको समेत उनले गुनासो पोखेका थिए ।

कार्यक्रममा आजपाका वरिष्ठ उपाध्यक्ष उपेन्द्र साह, केन्द्रीय नेता सुनिता साह, दिलीप साह, मो. इस्लाम लगायतले पनि देशको वर्तमान अवस्थामा र आजपाको अभियान बारे प्रकाश पारेका थिए । सप्तरीको राजविराजबाट सुरु भएको भ्रष्टाचार विरुद्धको मधेश यात्रा विशेष गरि हुलाकी राजमार्गबाट सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट र बारा हुँदै पर्साको वीरगञ्जमा पुगेर समापन हुने सो अवसरमा वरिष्ठ उपाध्यक्ष साहले जानकारी दिए । पाँच दिनसम्म चल्ने अभियानका क्रममा विभिन्न स्थानमा भेला, बैठक, खबरदारी सभा र अन्तरक्रिया लगायतका कार्यक्रम गरिने सो पार्टीले जनाएको छ ।

# क्रसर तथा खानी व्यवसायमा अन्योल र अनिश्चितता

टुडे समाचारदाता




महोत्तरी । क्रसर व्यवसायीको छाता सङ्गठन नेपाल क्रसर तथा खानी उद्योग व्यवसायी महासङ्घको बर्दीबासमा वार्षिक साधारण सभा तथा राष्ट्रिय अधिवेशन सुरु भएको छ । समारोहको उद्घाटन प्रतिनिधि सभाका उद्योग, वाणिज्य आपूर्ति श्रम तथा उपभोक्ता संसदीय समितिका सभापति अब्दुल खानले गरेका छन् ।

त्यस अवसरमा उनले मुलुकको पूर्वाधार निर्माणमा योगदान पुऱ्याउँदै आएको क्रसर तथा खानी व्यवसायमा विद्यमान समस्याले अन्योल र अनिश्चितता थपेको बताउदै यो समस्या सिर्जना गर्न क्रसर व्यवसायी आफैँ जिम्मेवार भएको उनले आरोप लगाए । उनले आफ्नो कामधन्दा छाडेर नेता र निर्वाचनमा अनावश्यक खर्च गर्ने क्रसर व्यवसायीको प्रवृतिले नै समस्या निम्तिनुको प्रमुख कारण भएको जिकिर गरे ।

उनले नेपालमा ३५ करोड घनमिटर नदीजन्य पदार्थ खेर गइरहेको भन्दै खेर जाने नदीजन्य पदार्थको सदुपयोग हुनुपर्ने उल्लेख गरेका थिए ।

उनले यसमा व्यवसायीकै समस्या रहेको भन्दै उनले भने,'तीन दशकजति भयो यी समस्या किन समाधान भएनन् ? को हो यसको बाधक ? मलाई लाग्छ यसको बाधक तपाईंहरूको पैसा हो । तपाईंहरू निर्वाचनदेखि मन्त्री बनाउने बेलासम्म पैसा खर्च गर्नुहुन्छ । तपाईंहरूको पैसाले पार्टी गरिन्छ । नेताहरू मोजमस्ती गर्छन् अनि तपाईंहरू नै समस्या सामाधान भएन भनेर रुवाबासी गर्नुहुन्छ ।" उनले यस्तो नाजायज कार्य रोक्न र कसैमाथि पैसा खर्च नगर्न सुझाव समेत दिएका थिए ।

उनले क्रसर व्यवसाय सम्बन्धी विधेयक छलफलको चरणमा रहेकाले यसबारे सकारात्मक परिणाम आउने विश्वास व्यक्त गरे ।

पूर्वप्रदेश राज्यमन्त्री एवं प्रदेश सभा सदस्य शारदादेवी थापाले क्रसर व्यवसायी विकास निर्माणका आधार स्तम्भ भएकाले जनताको गुनासो नआउने गरी व्यवसाय सञ्चालन गर्न आग्रह गरिन् । उनले महोत्तरीका नदीहरू कतै उत्खनन गर्दा र कतै उत्खनन नगर्दा समस्या देखिएको बताउँदै अवस्था विरोधाभाषी रहेको बताइन् ।

बर्दीबास नगरपालिका प्रमुख प्रह्लाद क्षेत्रीले क्रसर व्यवसायीको शत्रु क्रसर व्यवसायी आफैँ भएको आरोप लगाए । गुट उपगुट र दलीय भावनाले विभाजित क्रसर व्यवसायीका कारण यस उद्योगप्रतिको दृष्टिकोण नै नकारात्मक भएको उनको कथन थियो ।

नेपाल क्रसर तथा खानी उद्योग महासङ्घका अध्यक्ष सीताराम न्यौपानेले नदी उत्खनन र सङ्कलन गर्ने काम क्रसर उद्योगीको नभएको जिकिर गरे । उनले भने, "हामी त स्थानीय तहले टेन्डर प्रक्रियाबाट लगाएको ठेकेदारसँग नदीजन्य पदार्थ खरिद गरी उद्योग सञ्चालन गर्छौं । फेरि पनि दोष जति हामीलाई नै किन ?" उनले क्रसर व्यवसायीको प्रत्यक्ष र अप्रत्यक्ष गरी ८० अर्ब लगानी रहेको बताउदै सरकारले खानी तथा नदीजन्य स्रोतको दिगो व्यवस्थापन नगरे यो लगानी पलायन हुने अवस्थामा पुग्ने बताए ।

राष्ट्रपति चुरे संरक्षण समितिको एक अध्ययन प्रतिवेदन अनुसार देशको समथर भूभागमा उच्च पहाडी खण्डबाट प्रत्येक वर्ष आठदेखि १० करोड घनमिटर नदीजन्य पदार्थ बगेर आउँछ । त्यसमध्ये नागरिकको घर आवास र मुलुकको पूर्वाधार विकासमा वार्षिक दुईदेखि तीन करोड घनमिटर मात्र खपत हुने गरेको छ ।

# लोक संस्कृतिको संरक्षण गर्ने कात्तिकेश कुँवर मेला

टुडे समाचारदाता



रौतहट । थारुको परम्परागत लोकसंस्कृति प्रदर्शन तथा संरक्षण गर्ने उद्देश्यले रौतहटको चन्द्रपुर नगरपालिका-८ मा कात्तिकेश्वर कुँवर मेला सुरु भएको छ ।

कात्तिक शुक्लपक्षको प्रतिपदादेखि पूर्णिमासम्म थारु महिलाहरू आफ्ना दाजुभाइको दीर्घ जीवनको कामना गर्दै मनाउने समाचकेवा पर्वको समापन अर्थात् पूर्णिमाको भोली पल्टदेखि नै हरेक वर्ष मेला सुरु हुने गर्दछ । मेला ४७ औं वर्षमा प्रवेश गरेको छ ।

मेलामा थारु संस्कृति झल्किने झाँकी, लोकनृत्य, परम्परागत वस्तुलगायत थारु परिकारहरूको प्रदर्शनी रहेको मेलाका संयोजक नवेश चौधरीले बताए । स्थानीय स्तरमा उत्पादित तरकारी, खाद्यान्न सामग्री, लत्ताकपडा लगायत अन्य दैनिक उपभोग्य वस्तु सस्तो मूल्यमा पाइने उक्त मेलामा नेपालका विभिन्न स्थान र भारतबाट समेत व्यापारीहरू आउने गर्छन् ।

धानबाली भित्र्याई सकेपछि थकाई मार्न र मनोरञ्जनका लागि सन्तपुरका थारु समुदायका नागरिकले आयोजना गरेको उक्त मेलामा मधेश प्रदेशका पर्सा, बारा, रौतहट, सर्लाही, सप्तरी लगायत आठै जिल्ला र छिमेकी मुलुक भारतको विहार राज्यका मानिसहरू समेत मेला भर्न आउने गरेका छन् । संयोजक चौधरीका अनुसार शनिबारदेखि आउँदो शनिबारसम्म ८ दिन लाग्ने उक्त मेलामा कात्तिकेश कुँवरको पूजा गरी उद्धाटन गरिएपछि मेला विधिवतरुपमा सुरु हुन्छ ।

मेलाको मुख्य आकर्षक पक्ष थारु संस्कृति झल्किने झाँकी, लोक नृत्य लगायत थारु परिकारहरूको प्रदर्शनीका अलावा मनोरञ्जनमा रोटेपिङ्ग, मौतका कुवा, टावर झुला, हर्स पिङ्ग, जादुघर साथै स्थानीय प्रतिभालाई उजागर गर्ने उद्देश्यले खुल्ला नृत्य प्रतियोगिता समेत सञ्चालन गरिने मनोरञ्जन समितिका संयोजक जलेन्द्र चौधरीले जानकारी दिए ।

मेला अवधि भरिमा करिब पाँच लाख मानिस मेला भर्न आउने मेला आयोजक समितिले जनाएको छ । मेलामा विभिन्न समुदायका मानिसहरूको जमघट हुने भएकाले कुनै अप्रिय घटना नघटोस् भन्ने उद्देश्यले सुरक्षा व्यवस्था कडा पारिएको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुर र सशस्त्र प्रहरी बेसक्याम्प सन्तपुरले जनाएको छ ।

# पर्सा गाउँपालिकामा रास्वपाको संगठन विस्तार



अजमल मिकरानी

सर्लाही । सर्लाहीको पर्सा गाँउपालिकामा राष्ट्रिय स्वतन्त्र पार्टीको संगठन विस्तार गरिएको छ । राजकिशोर महतोको अध्यक्षतामा ११ सदस्यीय गाँउपालिका कमिटि गठन भएको पार्टीका नेता संतोष प्रतिहस्तले जनाएका छन् ।

प्रतिहस्तका अनुसार पर्सा गाउँपालिकाको अध्यक्षमा राजकिशोर महतो सर्वसहमतीले चयन भएका छन् । त्यस्तै उपाध्यक्षमा ओमप्रकाश साह, सचिवमा उमेश यादव चयन भएको प्रतिहस्तले जानकारि दिए । चयन भएका पालिका कमिटिका सम्पूर्ण पदाधिकारीहरुलाई जिल्ला सभापति कमलेश साहले पद तथा गोपनीयताको सपथ ग्रहण गराएका थिए । पर्सा गाँउपालिका कमिटि गठन भएसंगै ५ सय भन्दा बढी स्थानीयहरुले पार्टी प्रवेश गरेको प्रदेश सदस्य जयकरण महतोले बताए । संगठन विस्तार कार्यक्रम रास्वपाका मधेश प्रदेश कोषाध्यक्ष चन्दन साहको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो ।

प्रदेश सदस्य संजिव यादवले मंसिर महिना भित्रमा सर्लाही जिल्लाको १५ वटा पालिकाहरुमा रास्वपाको कमिटी विस्तार हुने बताए । जसको लागि प्रदेश र जिल्ला कमिटी सर्लाही कृयाशील भएको यादवले बताए । रास्वपाका नेता संतोष प्रतिहस्तले मंसिर महिना भित्र रास्वपामा १० हजार बढी जनता आवद्ध हुने र जसका लागि संगठन विस्तारको कामलाई तीव्रता दिएको बताए ।

# कर संकलन नगर्न दिएको निर्देशन विरुद्ध कारण देखाउ

टुडे समाचारदाता




बारा । बारा जिल्ला अदालतले संघीय सरकारको गृहमन्त्रालयद्वारा स्थानीय तहलाई कर संकलन नगर्न गरिएको निर्देशनमाथि कारण देखाउ आदेश जारी गरेको छ ।

महागढीमाई नगरपालिका वडा नं.५ का धीरेन्द्र प्रसाद जयसवालले जिल्ला प्रशासन कार्यालय, बारालाई विपक्षी बनाई निषेधाज्ञाको माग गर्दै दायर गरेको निवेदनमाथि सुनुवाई गर्दै अदालतले यो आदेश जारी गरेको हो । आदेशमा, अन्तरिम आदेशलाई निरन्तरता दिनुपर्ने वा नदिनुपर्ने विषयमा दुवै पक्षको उपस्थिति आवश्यक रहेको उल्लेख गर्दै सात दिनभित्र सुनुवाईका लागि पेशी तोकिएको छ । विपक्षी नम्बर १, २, र ३ का हकमा जिल्ला सरकारी वकील कार्यालय, बारामार्फत तथा विपक्षी नम्बर ४ का हकमा कानूनअनुसारको प्रतिनिधि वा स्वयं उपस्थित भई लिखित जवाफ पेश गर्न भनिएको छ ।

> "निवेदकको मागअनुसार निषेधाज्ञा किन जारी गर्न नपर्ने हो? आदेश जारी नहुनुका कारण, आधार र प्रमाण सहित उपस्थित हुनुहोस्," भनी विपक्षीहरूलाई १५ दिनभित्र जवाफ पेश गर्न निर्देशन दिइएको छ ।

न्यायालयको यस आदेशले स्थानीय तह र संघीय सरकारबीचको कर संकलनसम्बन्धी विवादलाई कानूनी निकास दिने अपेक्षा गरिएको छ ।न्यायाधीश जगन्नाथ पौडेलको एकल इजलाशले, "निवेदकको मागअनुसार निषेधाज्ञा किन जारी गर्न नपर्ने हो? आदेश जारी नहुनुका कारण, आधार र प्रमाण सहित उपस्थित हुनुहोस्," भनी विपक्षीहरूलाई १५ दिनभित्र जवाफ पेश गर्न निर्देशन दिइएको छ ।

निवेदकको मागअनुसार, अदालतले गृहमन्त्रालयको २०८१ मंसिर १२ को निर्देशनको आधिकारिक लिखत अध्ययन गरी छलफल हुने मिति नआएसम्मका लागि कर संकलन कार्यमा कुनै अवरोध नगर्नु र निवेदकलाई धरपकड नगर्नु भनी अन्तरिम आदेश पनि जारी गरेको छ ।

**आगो, हिटर वा गिजर प्रयोगमा होसियारी अपनाऔं**

- आगो वा हिटर नजिकबाट नतापौं,
- कागज, कपडा जस्ता छिटो जल्ने खालका सामग्री आगो वा हिटरको नजिकै नराखौं,
- कोठामा आगो वा हिटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं,
- हिटरलाई समय समयमा बन्द गर्ने गरौं,
- आगो वा हिटर र बिजुलीको काम सकिने बित्तिकै बन्द गरौं,
- गिजरलाई बाथरुम बाहिर खुला ठाउँमा जडान गरौं,
- बाथरुममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं,
- गिजर खोलेर लामो समयसम्म बाथरुममा नबसौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८